**VIDHYA ARJAN ENGLISH BOARDING SCHOOL**
Adarsha Bus Stop, Bhaktapur-5
Contact No.: 01-6610713

**Teacher Wanted**

An innovative school in Bhaktapur, which extensively practices thematic approach, urgently requires teachers for the following posts.

| S.N. | Level | Subject | Qualification |
|---|---|---|---|
| 1. | Primary Level (1-3) | Maths | 10+2 with Math and Experience |
| 2. | Basic Level (5-10) | Science | Bachelors or 10+2 Science Experience |



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १०२ ★ ने. सं. ११४६ बछला गा, चतुर्थी ★ मङ्गलबार ★ २२ वैशाख, २०८३ ★ May 5, 2026, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


### कालीकोटको राँचुलीमा कार्यकर्ता प्रशिक्षण

# श्रमको सम्मान हुनु आवश्यक



कालीकोट २१, वैशाख । १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी तिलागुफा नगर समिति कालिकोटले सोमबार राँचुलीमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “मानिसले श्रम गर्ने हो । सबैले श्रमको सम्मान गर्नु आवश्यक छ । श्रम गर्नेहरूको मस्तिष्कको विकास हुंदै आउंछ । रास्वपाको विधानमा शोषणरहित समाज उल्लेख छ । यो समाज उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने व्यवस्थामा मात्र सम्भव हुनेछ ।”

“रास्वपाले आफ्नो निर्वाचन वाचापत्रमा ‘आर्थिक उदारीकरण’ को विषय उल्लेख गरेको छ । यसले सार्वजनिक संस्थानहरू निजीकरण र विदेशी पुँजी लगानीको मार्गप्रशस्त गर्छ । यसले शोषणरहित समाज निर्माण सम्भव हुनेछैन । रास्वपाको शोषणरहित समाज पञ्चायतको जस्तै हो ।” सचिव सुवालले बताउनुभयो ।

अतिथि सुवालले उल्लेख गर्नुभयो, “रास्वपाको आर्थिक र विदेश मामिला पैँतीस वर्षयता सरकारमा गएका शासक दलहरूको भन्दा भिन्न छैन । यसकारण, नेपाली जनताले रास्वपा सरकारबाट थप अपेक्षा गर्नु व्यर्थ हुनेछ ।”

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले भ्रष्टाचारको निहुँ बनाएर विदेशीको इसारामा देश खरानी बनाउनेहरूले प्रतिक्रियावादी र विदेशी पुँजीपतिहरूलाई फाइदा पुऱ्याएको उल्लेख गर्दै पटक-पटक सरकारमा पुगेका शासक दलहरूले देशमा उद्योगधन्दा चलाएर युवाहरूलाई स्वदेशमै रोजगारी दिएका भए भदौ २३ र २४ गतेको अवस्था नआउने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “नेमकिपाले विदेशको मात्र कुरा गरेको भनेर आलोचना गर्नेहरूले अन्तर्राष्ट्रिय परिस्थितिको असर नेपालमा पनि पर्ने विषय बुझ्नु जरूरी छ । अमेरिकी साम्राज्यवादले छेडेको अमानवीय युद्धको कारण नेपालमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएर महँगी बढेको विषय पनि बुझ्नु जरूरी छ ।”

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले बालेन नेतृत्वको सरकारले विद्यार्थी सङ्गठन र ट्रेड युनियन खारेज गरेर जनताको प्रजातान्त्रिक अधिकार हनन गर्न खोजेको उल्लेख गर्दै रास्वपा सरकार निरङ्कुशता र फासीवादतर्फ उन्मुख भइरहेको विषयमा कार्यकर्ता चनाखो हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा तिलागुफा नगर समितिका अध्यक्ष सूर्यबहादुर शाहीको सभापतित्वमा सम्पन्न उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खड्गराज शाही, नेमकिपा कर्णाली प्रदेशका धनेन्द्र विक, नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटा र एन. शाहीले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसको बारेमा चर्चा गर्नुभएको थियो ।

**व्यङ्ग्यचित्र कुनो**




# हर्मुज जलडमरूमध्यमा अवरोधबिच ‘ओपेक प्लस’ देशहरूले उत्पादन बढाउने निर्णय

वियना, २१ वैशाख (एपी) । तेल उत्पादन गर्ने प्रमुख देशहरूको समूह ‘ओपेक प्लस’ मा आवद्ध सात देशहरूले वैश्विक बजार स्थिरता कायम राख्ने उद्देश्यले आगामी जूनदेखि तेल उत्पादनमा सामान्य वृद्धि गर्ने निर्णय गरेका छन् ।

यस समूहमा साउदी अरेबिया, रुस, अल्जेरिया, इराक, काजाखस्तान, कुवेत र ओमान समावेश छन् । आइतबार आयोजित भर्चुअल बैठकपछि जारी गरिएको संयुक्त निर्णयअनुसार यी देशहरूले दैनिक रूपमा कुल एक लाख ८८ हजार ब्यारेल तेल उत्पादन बढाउने सहमति गरेका छन् ।

तर, यो निर्णयलाई धेरै हदसम्म प्रतीकात्मक रूपमा हेरिएको छ । किनभने, हाल मध्यपूर्वमा देखिएको तनाव र विशेषगरी हर्मुज जलडमरूमध्यमा उत्पन्न अवरोधका कारण वास्तविक आपूर्ति प्रणालीमा ठुलो असर परेको छ ।

रिपोर्टअनुसार, इरानले रणनीतिक रूपमा महत्त्वपूर्ण मानिने हर्मुज जलडमरूमध्यमा आवागमनमा अवरोध सिर्जना गरेपछि फारसी खाडी क्षेत्रबाट हुने तेल ढुवानी प्रभावित भएको छ । यस जलमार्गबाट विश्वको करिब २० प्रतिशत तेल तथा प्राकृतिक ग्यास आपूर्ति हुँदै आएको मानिन्छ । अवरोधका कारण लाखौँ ब्यारेल तेल अन्तर्राष्ट्रिय बजारमा पुग्न नसकेको बताइएको छ, जसले विश्व ऊर्जा आपूर्तिमा दबाब सिर्जना गरेको छ ।

यसैबिच, संयुक्त अरब इमिरेट्सले ओपेक सङ्गठनबाट अलग हुने निर्णय गरेपछि ६५ वर्ष पुरानो तेल गठबन्धनमा थप परिवर्तन आएको छ । ओपेक समूहले विश्वको करिब ४० प्रतिशत कच्चा तेल उत्पादन गर्दै आएको छ र ऊर्जा मूल्य निर्धारणमा यसको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ ।

इरान ओपेकको १२ सदस्यीय देशहरूमध्ये एक हो भने रुस औपचारिक सदस्य नभए पनि ‘ओपेक प्लस’ ढाँचामार्फत यस समूहसँग सहकार्य गर्दै आएको छ ।

नयाँ निर्णयअनुसार सहभागी


***बाँकी पृष्ठ २ मा***


# नेपाली जनताको शत्रु चिनौं !

सिंहदरबारको निर्णय बरोबर स्थिर नहुँदा पर्यवेक्षकहरू त्यसका दुई कारण भएको अनुमान गर्छन् । एक, सरकारले अर्थात् प्रधानमन्त्री र मन्त्रीहरू चित्तमा लागेको कुरा छिटछिटो निर्णय गर्छन् । दुई, सरकारले गरेका निर्णयहरूलाई बाहिरका मानिस वा साथीहरूले अनेक दबाब दिएर पछि आउने सरकारहरूलाई ती निर्णयहरू फेर्न लगाउँछन् । त्यसमा मन्त्रालयका कर्मचारीतन्त्र वा भित्रकै मानिसहरूको सहयोग हुने गर्छ ।

सत्य यही हो भने देशमा नागरिक प्रजातन्त्र अफापसिद्ध हुने काम गर्ने कुनै विदेशी तत्त्व सक्रिय रहेको अनुमान गर्न सकिन्छ । विदेशी तत्त्व भन्नाले विदेशी पुँजीका पिछलग्गू वा विदेशी पुँजीबाट आर्थिक लाभ लिनेहरू भन्ने बुझिन्छ । यस्ता तत्त्वहरू पूर्वउपनिवेश र अर्ध-उपनिवेशका आर्थिक पक्षहरू (उद्योगपति र व्यापारीहरू) तथा माथिल्ला कर्मचारीहरू, प्राविधिक र विशेषज्ञहरू हुन्छन् ।

यसको पछिल्लो उदाहरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थन्किएका चिनियाँ जहाजहरू हुन् । वार्षिक खर्च २० करोड बताइन्छ । (थन्किएका चिनियाँ जहाज लिलामीमा, अन्नपूर्ण ६ पुस २०८०)

६ वटा विमानमध्ये दुईवटा चीन सरकारले अनुदान दिएको थियो भने अरू चार वटा जहाज चीनकै बैङ्कसँग सहुलियतपूर्ण ऋणमा नेपाल सरकारले किनेको थियो ।

यहाँ प्रश्न उठ्छ, के नेपाल सरकारले केही सोच्दै नसोची चीनसँग चार वटा विमान किनेको होला ? सत्य यही हो भने कुन सरकारले किन किन्यो र त्यसमा सल्लाह दिने र हस्ताक्षर गर्नेहरू को को हुन् ? जनताको सामुने आउनु आवश्यक छ ।

दुई वटा अनुदानमा आएको जहाज पनि नेपालले नमागीकनै आएको होला भनी पत्याउन गाह्रो छ । तर, आएका ६ वटै जहाज चालु गराउँदा अरू जहाजलाई यात्रुहरू नपुगी निजी जहाजहरूको एकाधिकार समाप्त हुन्छ भन्ने हेतुले चिनियाँ जहाज चलाउन नदिन निश्चय पनि विदेशी जहाजहरूकै तर्फबाट जालसाजी भएकै हुनुपर्छ । यसको गम्भीर जांचबुझ आवश्यक छ । होइन भने लामो समय सिंहदरबारमै बसी अनेक सरकारहरूलाई असफल पार्ने कर्मचारीतन्त्र देशप्रति बफादार छन् या कुनै अन्य विदेशी एकाधिकार जहाज कम्पनीबाट प्रभावित छन्, सोचनीय छ ।

नेपालमा रूसी हेलिकप्टरले जनताको राम्रै सेवा गर्दै थियो ।

केही विदेशी जहाजका पक्षपातीहरूले अनेक झूटा कुरा फैलाएर ती रूसी हेलिकप्टर बन्द गराए र अस्ट्रेलियाको सानो हेलिकप्टर ल्याइयो । तर, सानो हेलिकप्टर रूसी हेलिकप्टरको दाँजोमा आउने कुरै थिएन । एक सांसद आफै अगाडि सरेर अस्ट्रेलियाली कम्पनीसँग मिलेर ल्याएको हेलिकप्टर आज कहाँ छ, थाहा छैन र ती सांसद पनि अहिले बितिसके भन्ने व्यापक चर्चा छ ।

हरेक दिन फूलमाला लगाइदिएका व्यक्ति राजा हुने देशमा भोलिपल्ट नयाँ राजा मरेको हुन्थ्यो । एकजना बुझ्ने राजा भने हातमा तरबार लिएर बसी महारानीको नाकबाट दुइटा काला सर्पहरू निस्कँदा तिनले दुवै सर्प नारेपछि त्यो देशमा स्थिर शासन गर्ने राजा भयो भन्ने कथा सुनिन्छ ।

नेपालको सन्दर्भमा ती दुइटा काला सर्पहरू कर्मचारीतन्त्र र विदेशी पुँजीका एजेन्टहरू हुन् : जसले देशको शासन अस्थिर बनाएका हुन् भन्ने निक्यौंल गर्न गाह्रो हुनेछैन । सरकारमा बसेका हरेक प्रधानमन्त्री र मन्त्रीहरूलाई ती दुई काला सर्पहरूको नामबारे राम्रो जानकारी होला तर ती मन्त्रीहरूले कहिल्यै ती सर्पहरूको नाम बाहिर नल्याउनु अत्यन्त विडम्बनाको विषय हो ।

अर्थ मन्त्रालयको मध्यस्थतामा सहुलियतपूर्ण ऋणमा जहाज खरिद गरिएको थियो । सारमा निगमले उड्डान भर्न नसक्ने निर्णय गऱ्यो । जहाजको मूल्य चार अर्ब रुपैयाँ छ र उडान भरेको पाँच वर्षपछि दुई अर्ब घाटा भएको बताइएको सुनिन्छ ।


***बाँकी पृष्ठ ८ मा***


# शाहीको अध्यक्षतामा जिल्ला समिति गठन

दैलेख, २१ वैशाख । नेमकिपाको दैलेख जिल्लाको १५ औँ जिल्ला सम्मेलन वैशाख २० गते सम्पन्न भयो ।

दुईदिने सो सम्मेलनले खगेन्द्रबहादुर शाहीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

नेमकिपाका सचिव प्रेम सुवालले गठित जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूलाई बधाई दिँदै पार्टी अध्यक्ष रोहितले लेख्नुभएको ‘राजनीतिक कार्यकर्ता बन्ने भाइ बहिनीहरूलाई चिठी’ पुस्तक अध्ययन गरेर पार्टी जिल्ला समितिका साथीहरू पार्टी सङ्गठन विस्तारमा लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

त्यस्तै केन्द्रीय सदस्यहरू जग्यबहादुर शाही, सरोजराज गोसाई, बखत थापाले पनि नेमकिपाको उद्देश्य र विचारअनुसार काम गर्न आग्रह गर्दै बधाई दिनुभयो ।



**रेन्बो ट्राउट माछापालन**
समुद्री सतहदेखि दुई हजार ६५० मिटरको उचाइमा रहेको रसुवाको गतलाङमा गरिएको रेन्बो ट्राउट माछापालन । *तस्बिर: ज्ञानेन्द्र न्यौपाने/रासस*

# लैङ्गिक समानताको लागि समाजवाद अपरिहार्य

भक्तपुर, २१ वैशाख । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगरपालिका वडा नं. ९ तुमचो दुगुरे चोखा एकाइ समिति पुनः गठन गरी मैयाँ त्यातको अध्यक्षतामा नयाँ कार्य समिति गठन गरियो । अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा महिला भेला गरी प्रशिक्षण तथा पुनःगठन गरिएको आयोजक समितिले जानकारी दिएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले शोषण र अन्यायको विरोधमा तथा श्रमअनुसारको ज्याला पाउन, ८ घण्टा काम, ८ घण्टा आरामको व्यवस्था गर्न मजदुरहरूको आन्दोलन भएको चर्चा गर्दै संसारका न्यायप्रेमी जनताको आन्दोलनको पक्षमा नेपाली श्रमिक जनता रहेको प्रस्ट पार्नुभयो ।

पुँजीवादी व्यवस्थामा महिला र पुरुषबिचको विभेद कायमै रहने हुँदा शोषणको अन्त्य र लैङ्गिक समानताको लागि समाजवाद अपरिहार्य भएको बताउनुभयो ।

नेकामसङ्घका छोरीमैयाँ सुजखुले महिलाहरूमा स्वास्थ्य समस्या जटिल भइरहेको चर्चा गर्दै सङ्घको आयोजनामा बरोबर स्वास्थ्य परीक्षणसम्बन्धी शिविर र अभिमुखीकरण भइरहेको बताउनुभयो ।

कार्यक्रममा नर्स गङ्गादेवी प्रजापतिले क्यान्सर रोगको लक्षण, उपचार र रोगबाट बच्ने उपायबारे अभिमुखीकरण गर्नुभयो ।

# संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने सरकारको निर्णय

काठमाडौँ, २१ वैशाख । सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पुन : सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश २०८३ राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएकामा उक्त अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले परम्परागत 'बोइलर' लाई 'इलेक्ट्रोनिक बोइलर' ले प्रतिस्थापन गर्न उद्योगहरूलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लागि विश्व बैङ्कबाट प्राप्त हुने ५२ मिलियन अमेरिकी डलर बराबरको सहुलियत ऋण तथा पाँच मिलियन अमेरिकी डलर बराबरको अनुदान स्वीकार गर्ने निर्णय गरेको छ ।

यस्तै, बैठकले भारतसँग जिटुजी खरिद माध्यमबाट ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डिस्पी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले संसद् भवन परिसरमा प्रवेशलगायतका विषय समावेश गरिएको सिंहदरबार परिसरको परिमार्जित गुरुयोजना स्वीकृत गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले बताउनुभयो । **रासस**

# बनेपामा ऐतिहासिक चण्डेश्वरी भगवती जात्रा सम्पन्न

काभ्रेपलाञ्चोक, २१ वैशाख । काभ्रेपलाञ्चोकको बनेपा नगरमा हजारौं वर्षदेखि वैशाख पूर्णिमाको अवसरमा मनाइँदै आइएको ऐतिहासिक चण्डेश्वरी भगवती जात्रा सम्पन्न भएको छ । बर्सेनि वैशाख शुक्ल पूर्णिमाका अवसरमा तीन दिनसम्म मनाइने बनेपाको उक्त जात्रा आइतबार साँझ सकिएको हो ।

करिब दुई हजार ५०० वर्षअघिदेखि मनाइँदै आइएको चण्डेश्वरी जात्रामा चण्डेश्वरी देवीलाई रथ (खट) मा राखी शनिबार ऐतिहासिक सहर बनेपाको पुरानो बजारमा रथारोहण गराई आइतबार साँझ मन्दिरमै लगिएपछि जात्रा सम्पन्न भएको हो । विशेषगरी स्थानीय नेवार समुदायले मनाउने यस जात्रा बनेपालीका लागि ठुलो चाड हो । जात्राको पहिलो दिन बिहीबार बिहानैदेखि हरेक घरबाट चण्डेश्वरी देवीको पूजाअर्चना गर्ने र साँझ हनुमान ढोकाबाट ल्याइने तरबार (खड्ग) सँगै चण्डेश्वरी मन्दिरभित्र रहेका पिगं देवताहरूलाई १२ वटा बोका बलि दिई 'सरकारी पूजा' गरिएपछि औपचारिक रूपमा जात्रा सुरु भएको थियो ।

भोलिपल्ट शुक्रबार सबैरै हजारौंको सहभागितामा जलेश्वर महादेवसम्म मत पूजा (चिराग यात्रा) गरिएको थियो भने सोही दिन बनेपाको तीनधारामा बनाइएको पाङ्ग्रा नभएको रथलाई भेडा बलि दिइएपछि देवता नभएको खाली रथलाई स्थानीय युवाहरूले विभिन्न बाजागाजासहित बोकेर 'ल्हाका पालुं हाः' भन्दै चण्डेश्वरी मन्दिर पुऱ्याएका थिए । यस्तै भोलिपल्ट तुलसीको काठद्वारा निर्मित उक्त रथमा देवी चण्डेश्वरीलाई रथारोहण गराई देवगृहबाट परिक्रमाका लागि निकाली सोही खटलाई मन्दिर नजिक पुऱ्याएपछि विधिपूर्वक पूजा गरी चण्डेश्वरी देवीको मूर्तिलाई खटमा राखी रथ बोकेर फर्कने क्रममा हरेक घरमा तयार पारिएका प्रसादहरू झ्यालबाटै रथमा बसेकी चण्डेश्वरीलाई चढाएका थिए ।

तेस्रो दिन आइतबार साँझ लायकु भन्ने स्थानबाट वकुटोल हुँदै मूर्तिलाई सानो खटमा राखेर पुनः चण्डेश्वरीमा पुऱ्याएपछि जात्रा सकिएको हो । त्यसअघि 'कलंदान' (बलि दिएका बोकाको मासु फ्याँक्ने) गरिएको थियो । जात्रा अवधिभर बनेपाका सबै नेवार समुदायका घरमा भोज हुने गर्दछ भने बूढापाकाले टोलटोलमा बसी बिहानबेलुका भजन गाएका थिए भने जात्रा अवधिभर सडक, गल्लीमा जात्रा मनाउने र हेर्नेको निकै भीडभाड देखिएको थियो ।

'शक्तिकी अधिष्ठात्री देवी मानिएकी चण्डेश्वरी देवी' को पूजा गर्न टाढादेखि भक्तजन आउने गरेको तथा 'मागेको पुग्ने' कुरामा विश्वास गर्छन् । सरकारको तर्फबाट समेत पूजा गर्ने भएकाले पनि यसको महत्त्वले अझ व्यापकता पाएकामा बनेपाली गर्व गर्ने गरेका छन् । चण्डेश्वरी जात्रामा बनेपाका स्थानीय मानन्धर, भोछिभोया, राजवाहकलगायतका सबै नेवार समुदायसँग प्रत्यक्ष सम्बन्ध रहने भएकाले यो जात्रालाई विशेष महत्त्वका साथ लिइने गरिएको हो । जात्रा अवधिभर बनेपा नगरमा सार्वजनिक बिदा दिइएको थियो । **रासस**

# सार्वजनिक सेवा प्रसारण नेपालद्वारा पहिलो वार्षिक प्रतिवेदन पेस

काठमाडौँ, २१ वैशाख । सार्वजनिक सेवा प्रसारण नेपालले आफ्नो पहिलो वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गरेको छ । सार्वजनिक सेवा प्रसारण नेपालका सञ्चालक समिति अध्यक्ष डा. महेन्द्र विष्टले सोमबार सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनासमक्ष उक्त प्रतिवेदन पेस गर्नुभएको हो ।

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को व्यवस्थाअनुसार सार्वजनिक सेवा प्रसारण संस्थाले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने प्रावधान रहेको छ । उक्त प्रतिवेदन सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिमा पेस गर्नुपर्ने व्यवस्था पनि ऐनमा उल्लेख गरिएको छ ।

प्रतिवेदन पेस गर्दै अध्यक्ष विष्टले नेपाल टेलिभिजन र रेडियो नेपालको वर्तमान अवस्था, प्राविधिक क्षमता, सङ्गठनात्मक संरचना, प्रसारण प्रणाली, वित्तीय अवस्था, हालसम्म गरिएका सुधारका प्रयास, विद्यमान चुनौती तथा आगामी कार्ययोजनालगायतका विषय समेटिएको जानकारी दिनुभयो । रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएपछि गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी सामग्रीमार्फत जनउत्तरदायी प्रसारण सेवा प्रवाह गर्ने उद्देश्यका साथ संस्थाले आफ्ना गतिविधिलाई अगाडि बढाइरहेको उहाँको भनाइ छ ।

सार्वजनिक सेवा प्रसारण संस्थाले २०८२ चैत मसान्तसम्म सम्पन्न गरेका प्रमुख गतिविधि, लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित मुख्य विषय तथा संस्थाको समग्र प्रगतिसम्बन्धी विवरण प्रतिवेदनमा समावेस गरिएको छ । उक्त प्रतिवेदन संस्थाको वैशाख ९ गते बसेको सञ्चालक समिति बैठकबाट स्वीकृत गरिएको थियो । मन्त्रालयमा आयोजित कार्यक्रममा सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेत, सञ्चालक समिति सदस्यहरू गौरव गिरी, अनिता गुरुङलगायतको उपस्थिति थियो ।

# नगदेशमा बुद्धको गुणानुस्मरण

भक्तपुर, २१ वैशाख । नगदेश बौद्ध समूहको आयोजनामा वैशाख पूर्णिमा, पुष्पपूर्णिमा, बुद्धपूर्णिमा, स्वाँयापुन्हिको दिनमा शान्तिका महानायक, महाकारुणिक, लोकगुरु, युगपुरुष, राजकुमार सिद्धार्थ गौतमको ऐतिहासिक - सांस्कृतिक नगरी 'नागदेश' मा विभिन्न बाजागाजासहित परिक्रमा गर्ने कार्य सम्पन्न भयो ।

पवित्र पावन भूमि लुम्बिनीमा जन्म भएको ३५ वर्षको उमेरमा भारतको विहार राज्यस्थित बोधगयामा वैशाख पूर्णिमाको दिन सम्बोधि लाभ गरी 'बुद्ध' भएकाले यस पूर्णिमालाई 'बुद्ध पूर्णिमा' भनिएको हो । बुद्धत्व प्राप्त गर्नुभएको २६१५ भएको र ८० वर्षको उमेरमा भारतकै कुशिनगरमा महापरिनिर्वाण हासिल गरी भौतिक संसारबाट सदाको निम्ति महापरिनिर्वाण हुनुभएको वैशाख पूर्णिमाको दिनदेखि नयाँ संवत् प्रारम्भ भएकोले यस पटकको बुद्ध संवत् २५७० को अवसरमा वैशाख पूर्णिमा, स्वाँया पुन्हिको दिनमा उहाँको गुणानुस्मरण गरिएको हो ।

उक्त कार्यक्रममा श्रद्धेय खेमावती गुरुमाँले अष्टशील र पञ्चशील प्रदान गर्नुभयो । प्रमुख अतिथि श्रद्धेय केशावती गुरुमाँले नगदेश बुद्ध विहारका ज्येष्ठ उपासक आशा नरसिंह धुँमनलाई सम्मान गर्नुभयो ।

भगवान् बुद्धको २६५० औं जन्म जयन्ती एवं नयाँ बुद्ध संवत् २५७० को संस्मरणामा नगदेश बौद्ध समूहको आयोजनामा नगदेशको विभिन्न टोलमा प्रचारप्रसार गरिएको थियो ।

# बाढी र पहिरोका कारण देशभरका केही मुख्य सडक खण्डहरू अवरुद्ध

काठमाडौँ, २१ वैशाख । देशका विभिन्न भूभागमा आएको बाढी र पहिरोका कारण केही मुख्य सडक खण्डहरू अवरुद्ध भएका छन् । सोमबार साँझ ७ बजेसम्म प्राप्त जानकारीअनुसार विभिन्न प्रदेशका प्रमुख राजमार्ग तथा सडक खण्डहरूमा यातायात प्रभावित भएको नेपाल प्रहरीले जनाएको छ ।

जसअनुसार, कान्तिलोकपथ सडक खण्डअन्तर्गत ललितपुरको बागमती गाउँपालिका-३, भालुखोलास्थित सडक पहिरोका कारण पूर्ण रूपमा अवरूद्ध छ । त्यस्तै भोजपुर नगरपालिका-५, बोखिमस्थित मध्य पहाडी लोकमार्ग बाढीका कारण हाल एकतर्फी रूपमा सञ्चालनमा आएको छ ।

अरनिको राजमार्गको भोटेकोसी गाउँपालिका-२, कोदारीको ईकु पहिरोले वैशाख १६ गतेदेखि अवरूद्ध सडक वैशाख २० गतेदेखि सुचारू भए पनि फेरि बन्द गरिएको छ ।

भीमफेदी गाउँपालिका-६, भ्याङडाँडास्थित कान्तिलोकपथ सडक खण्ड पनि पहिरोले गर्दा पूर्ण रूपमा अवरूद्ध छ ।

त्यस्तै अन्नपूर्ण गाउँपालिका-३, जलथलेस्थित बेनी-जोमसोम सडकखण्ड वैशाख १६ गते साँझदेखि पहिरोका कारण एकतर्फी मात्र सुचारू छ । यात्रुहरूलाई वैकल्पिक मार्ग प्रयोग गर्न वा सडकको अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न प्रहरीले अनुरोध गरेको छ ।

*हर्मुज...*

देशहरूले बजार अवस्थाको समीक्षा गर्न मासिक बैठक गर्नेछन् र आगामी जून ७ मा पुनः बैठक बस्ने कार्यक्रम तय गरिएको छ । उनीहरूले उत्पादन, बजार अनुपालन र आवश्यक समायोजनबारे निरन्तर समीक्षा गर्ने बताएका छन् ।

हर्मुज जलडमरूमध्यमा देखिएको अवरोध र मध्यपूर्वको राजनीतिक तनावबिच विश्व ऊर्जा बजारमा स्थिरता कायम राख्ने प्रयासस्वरूप ओपेक+ को यो निर्णय आएको मानिएको छ ।

**हार्दिक समवेदना**



यस समूहका सदस्य बुद्धिमाया छुस्याकीकी सासूआमा **तुल्सीमाया छुस्याकी**को असामयिक स्वर्गारोहण भएको आज दसौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जन्म : १९८८।११।२१
निधन : २०८३।०१।१३

**यातु गणेश भजन मण्डल परिवार**
कमलविनायक-१०, भक्तपुर

**सङ्क्षिप्त समाचार**

# वाग्मती प्रदेश सरकारले बलेफीमा ‘र्‍याफ्टिङ स्कूल’ स्थापना गर्ने

काठमाडौँ, २१ वैशाख । वाग्मती प्रदेश सरकारले सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका-५ मा ‘र्‍याफ्टिङ स्कूल’ स्थापना गर्ने भएको छ ।

यसका लागि प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयबाट काम अघि बढेको सचिव दीपेन्द्र सुवेदीले राससलाई जानकारी दिनुभयो । यो स्कूलमा ‘रिभर गाइड’ तालिम लिन अन्तर्राष्ट्रियस्तरबाट पनि प्रशिक्षार्थी आउने उहाँले बताउनुभयो । नेपालको भोटेकोशी र त्रिशूली नदी विश्वमै जलयात्राका लागि प्रसिद्ध छ ।

बागमती प्रदेशमा बग्ने त्रिशूली, नारायणी, भोटेकोशी, सुनकोशीजस्ता नदी र मकवानपुरको कुलेखानी ड्यामलाई जल पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न लागिएको पनि मन्त्रालयले जनाएको छ ।

यसका लागि चालु आर्थिक वर्षमै बजेट विनियोजन गरी काम अघि बढेको छ । यी स्थलमा बर्सेनि साहसिक महोत्सव आयोजना गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न सकिने भएकाले यसतर्फ प्रदेश सरकारले काम सुरु गरेको हो । *रासस*



मुगुको छायानाथ रारा नगरपालिका -९ मा अवस्थित रारा ताल । उक्त ताल नेपालकै सबैभन्दा ठुलो र गहिरो ताल मानिन्छ । *तस्बिर: हेमन्त केसी/रासस*

# सुदूरपश्चिमका सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रमा उपचार सेवा विस्तार गरिँदै

कञ्चनपुर, २१ वैशाख । सुदूरपश्चिम प्रदेशका सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रमा उपचार सेवा विस्तार गरिने भएको छ । सन् २०३० सम्ममा सर्पदंशबाट हुने मृत्युदर र अपाङ्गतालाई ५० प्रतिशतले घटाउने सरकारको लक्ष्यअनुरूप उपचार केन्द्र विस्तार गर्न लागिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालदेखि प्राथमिक स्वास्थ्य केन्द्रसम्म सर्पदंशको उपचार सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ ।

सोही योजनाअनुरूप डडेल्धुराको जोगबुडा अस्पताल, बैतडीको पाटन र केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र, दार्चुलाको गोकुलेश्वर अस्पताल, बझाङको रायल प्राथमिक स्वास्थ्य केन्द्र र बाजुराको कोल्टी आधारभूत अस्पतालमा सेवा विस्तार गरिन लागेको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. खगेन्द्र बमले बताउनुभयो ।

“सेवा विस्तार गरिने सर्पदंश उपचार केन्द्रमा उपचार सेवा प्रभावकारी बनाउन स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गरिएको छ”, उहाँले भन्नुभयो, “ग्रामीण भेगका नागरिकलाई समयमै उपचार सुनिश्चित गर्न चिकित्सक तथा आकस्मिक विभागमा कार्यरत स्वास्थ्यकर्मीका लागि दुईदिने विशेष तालिम सञ्चालन गरी सर्पदंश उपचारमा दक्ष बनाइएको छ ।”

उहाँका अनुसार जिल्ला सदरमुकाममा रहेका अस्पतालमा भने सर्पदंशको उपचार सेवा पहिलेदेखि निरन्तर रूपमा सञ्चालनमा छ । ग्रामीण तथा दुर्गम क्षेत्रमा उपचार सेवा नहुँदा बिरामीले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था रहँदै आएको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कअनुसार विगतमा डडेल्धुराको परशुराम नगरपालिका, बैतडीको तल्लो स्वराड, पाटन, गोकुलेश्वर तथा डोटीमा सर्पदंशका बिरामीको मृत्यु हुने गरेको छ ।

सर्पदंश उपचारमा नेपाली सेनाको भूमिका प्रशंसनीय छ । नेपाली सेनाले विभिन्न स्थानमा आफ्नै उपचार केन्द्रमार्फत सेवा प्रदान गरिरहेको छ । सुदूरपश्चिमकै कैलालीको बडैपुर र कञ्चनपुरको अर्जुनीमा सञ्चालनमा रहेका उपचार केन्द्रबाट नागरिकले प्रभावकारी सेवा पाइरहेका छन् । सेना र सरकारी अस्पतालबिचको समन्वयले सर्पदंश व्यवस्थापन थप सुदृढ भएको छ ।

महाकाली प्रादेशिक अस्पतालमा विगत पाँच वर्षदेखि सर्पदंशका कारण हुने मृत्युदर शून्य रहेको अस्पतालका निवर्तमान मेडिकल सुपरिटेन्डेन्ट डा. अर्जुन भट्टले बताउनुभयो । उहाँका अनुसार पछिल्लो छ महिनामा मात्रै ३२ जना विषालु सर्पले टोकेका बिरामी उपचारका लागि आएकामा सबैको सफलतापूर्वक उपचार गरिएको छ । विशेषज्ञ चिकित्सक तथा तालिमप्राप्त स्वास्थ्यकर्मीको सक्रियताका कारण जटिल अवस्थाका बिरामीको पनि ज्यान जोगाउन सम्भव भएको उहाँको भनाइ छ ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीका अनुसार सर्पदंशका बिरामीलाई भौगोलिक विकटताका कारण समयमै अस्पताल पुर्‍याउन नसक्नु, जनचेतनाको कमी, झारफुक गर्ने, वैद्यकहाँ जाने वा घरेलु उपचारमा अल्झिने प्रवृत्तिका कारण बिरामीको मृत्यु हुने गर्दछ । “यसले गर्दा विष शरीरमा फैलिन पाउँछ र अस्पताल पुग्दा निकै ढिलो भइसकेको हुन्छ”, उहाँले भन्नुभयो, “ढिला गरी अस्पताल ल्याइने बिरामीको ज्यान जोगाउन चिकित्सकलाई पनि निकै कठिन हुने गर्दछ ।”

सर्पदंशका बिरामीलाई एम्बुलेन्समा ल्याउँदा कहिलेकाहीँ बाटोको अवस्था र ढिलाइका कारण जोखिम बढ्न सक्ने उहाँले उल्लेख गर्नुभयो । ग्रामीण भेगमा मोटरसाइकलमार्फत तत्काल अस्पताल ल्याउँदा जोखिम कम हुने र यो विधि बढी प्रभावकारी हुने उहाँको सुझाव छ । मोटरसाइकलले छिटो र सहज रूपमा बिरामीलाई उपचार केन्द्रसम्म पुर्‍याउन मद्दत गर्ने भएकाले यसलाई वैकल्पिक उपायका रूपमा लिनुपर्ने उहाँको भनाइ छ ।

उहाँले जथाभावी सर्प मार्दा पारिस्थितिक प्रणाली (इकोसिस्टम) मा नकारात्मक असर पर्ने बताउनुभयो । सर्पले प्राकृतिक चक्र सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले शत्रुका रूपमा हेर्नुभन्दा पनि टोकाइबाट बच्ने उपाय अपनाउनु र सुरक्षित दूरी कायम गर्नु बुद्धिमानी हुने उहाँको भनाइ छ ।

सरकारले लिएको सन् २०३० को लक्ष्य हासिल गर्न स्थानीय तहमा स्वास्थ्य पूर्वाधारको विकास, ‘एन्टिस्नेक भेनम’ को सहज उपलब्धता तथा स्वास्थ्यकर्मीको निरन्तर तालिम अपरिहार्य रहेको स्वास्थ्यकर्मी बताउँछन् । *रासस*

# प्रहरीको सरुवा बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउन गृहसचिव श्रेष्ठको निर्देशन

काठमाडौँ, २१ वैशाख । गृहसचिव राजकुमार श्रेष्ठले सङ्गठनभित्र पेसागत दक्षता, क्षमतालाई अभिवृद्धि गर्दै सरुवा, बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउनका लागि अग्रसर रहन निर्देशन दिनुभएको छ ।

मन्त्रिपरिषद्को यही वैशाख १४ गतेको निर्णयले सशस्त्र प्रहरी महानिरीक्षक पदमा पदोन्नति हुनुभएका नारायणदत्त पौडेललाई सोमबार मन्त्रालयमा आयोजित समारोहमा सशस्त्र प्रहरी महानिरीक्षकको दर्ज्यानी चिह्नबाट सु-शोभित गर्दै उहाँले सो कुरा बताउनुभएको हो ।

गृहसचिव श्रेष्ठले सङ्गठन सरुवा प्रणाली र वृत्तिविकास दुवैलाई प्रभावकारी रूपमा व्यवस्थित गरिएमा असन्तुष्टि र गुनासो कम हुने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले सशस्त्र प्रहरी बल नेपालले कार्यक्षेत्रमा सीमित स्रोतसाधनको बाबजुद उत्कृष्ट नतिजा आउने गरी कार्यसम्पादन गर्दै आइरहेको उल्लेख गर्नुभयो । गृहसचिव श्रेष्ठले आगामी मनसुनजन्य विपद्मा समेत सशस्त्र प्रहरी बल नेपाल पूर्वतयारीका साथ उद्धार, व्यवस्थापन तथा राहत कार्यमा जुट्न निर्देशन दिनुभयो ।

त्यस अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले संविधान, कानुन, राष्ट्रिय हित, सङ्गठनको मर्यादा र जनअपेक्षालाई केन्द्रमा राख्दै इमानदारिता, निष्ठा, निष्पक्षता र दृढ सङ्कल्पका साथ जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले आफ्नो कार्यकालमा सीमा सुरक्षालाई सबलीकरण गर्दै सङ्गठनको नीतिगत, संस्थागत र संरचनागत सुदृढीकरण गर्न रणनीतिक कार्ययोजना तयार गरेको उल्लेख गर्नुभयो । उहाँले सो कार्यान्वयनका लागि नेपाल सरकार तथा गृहमन्त्रालयबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले नेपाल सरकारले जारी गरेको १०० बुँदे शासकीय सुधार योजना अनुसारको कार्यहरूको योजना तयार गरी सङ्गठनले प्रदान गर्ने सेवा प्रवाहलाई समयसापेक्ष र जनउत्तरदायी बनाउनेतर्फ प्रभावकारी कदम चालिने बताउनुभयो ।

समारोहमा प्रहरी महानिरीक्षक, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरू, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृह मन्त्रालयका सहसचिवलगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतहरूको उपस्थिति थियो ।

**नवनियुक्त महानिरीक्षक पौडेलको परिचय**

सशस्त्र प्रहरी बल नेपालका नवनियुक्त महानिरीक्षक पौडेलले २०५४ सालमा नेपाल प्रहरीको प्रहरी निरीक्षकबाट सेवा सुरु गर्नुभएको थियो । उहाँ सशस्त्र प्रहरी बलमा २०५८ सालमा स्थान्तरण हुनुभएको थियो ।

सुर्खेतको साबिक जर्बुटा गाविस वडा नं ५ निवासी पौडेलले स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ । उहाँले नेपाल प्रहरीबाट करियर प्रारम्भ गरी सशस्त्र प्रहरी बल नेपालमा स्थान्तरणपश्चात् विभिन्न महत्त्वपूर्ण जिम्मेवारीहरू सम्हाल्दै उत्कृष्ट नेतृत्व प्रदर्शन गर्नुभएको छ ।

नेपाल प्रहरीमा रहँदा उहाँले रोल्पा ‘स्ट्राइकिङ’ टोली कमान्डरका रूपमा तत्कालीन संवेदनशील सुरक्षा अवस्थामा प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्नुभएको थियो । साथै उहाँले इलाका प्रहरी कार्यालय बिर्तामोड, झापाको प्रमुख भई शान्ति सुव्यवस्थालगायत सेवा प्रवाहमा प्रभावकारी कार्यसम्पादन गर्नुभएको थियो ।

त्यस्तै, सशस्त्र प्रहरी बलमा स्थानान्तरणपछि महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी नायब उपरीक्षक रहँदा सुरक्षा बेस तुल्सीपुर दाङमा प्रमुख रही शान्ति सुव्यवस्था कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले सशस्त्र प्रहरी उपरीक्षक दर्जामा सीमा सुरक्षा कार्यालय बर्दिया, नीलबाराही गण र बङ्गलामुखी विशेष कार्यदल गणको गणपति भई नेतृत्व प्रदान गर्नुभएको थियो ।

पौडेलले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकमा पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह वाहिनी पकली र सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बैद्यनाथ वाहिनीमा सहायक वाहिनीपतिका रूपमा उत्कृष्ट समन्वय र सहकार्य गरी उच्च व्यावसायिकता प्रदर्शन गर्नुभएको थियो ।

सशस्त्र प्रहरी नायब निरीक्षक रहँदा वाहिनीपतिका रूपमा लुम्बिनी तथा गण्डकी प्रदेशस्थित वाहिनी मुख्यालयहरूमा नेतृत्व प्रदान गर्नुभएका उहाँले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक हुँदा मानवस्रोत, सीमा तथा कार्य विभागका विभागीय प्रमुखका रूपमा रणनीतिक तथा नीतिगत निर्माण र कार्यान्वयनमा अहम् भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना मिसनअन्तर्गत लाइबेरिया र कोसोभोमा करिब २५ महिना सफलतापूर्वक सेवा प्रदान गर्नुभएको थियो । *रासस*

# कार्यान्वयन योग्य आयोजना प्रस्ताव गर्न प्रदेश सरकारको आग्रह

कर्णाली, २१ वैशाख । कर्णाली प्रदेश सरकारले कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम प्रस्ताव गरेर पठाउन स्थानीय तहलगायत सरोकारवालाहरूलाई आग्रह गरेको छ ।

नेपालको संविधान धारा, २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी १४ बुँदालाई आधार बनाएर प्रदेश सरकारले सशर्त अनुदान कार्यान्वयन गराउन सरोकारवालाहरूका लागि प्रस्ताव आह्वान गरेको हो । आजसम्म आयोजना तथा कार्यक्रमको प्रस्ताव पेस गर्न प्रदेश सरकारले समयसीमा तोकेको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी अञ्जु चौधरीले जानकारी दिनुभयो ।

स्थानीय तहबाट कार्यान्वयन हुने रु. १० लाखदेखि रु. ५० लाखसम्म लागत भएका आयोजना, प्रदेश सरकारको अधिकार सूचीभित्रका कुनै विषयका आयोजना, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत कार्यान्वयन, प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुर्‍याउने, स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने, मानव विकास सूचकाङ्कको अवस्थाका आधारमा सशर्त अनुदान प्रदान गर्न सकिने उहाँले बताउनुभयो ।

त्यस्तै, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकास, सडक तथा विद्युत्को पहुँच, सूचना प्रविधि, खानेपानी तथा सरसफाइको सुविधा, खर्चको आवश्यकता तथा राजस्व उठाउने क्षमता, तत्परता र कार्यसम्पादन मूल्याङ्कन, वित्तीय अनुशासन र पुँजीगत खर्च गर्न सक्ने क्षमता, राजस्व सङ्कलन र प्रदेश सरकारलाई प्राप्त राजस्व र विशेष अवस्थाका आधारमा अनुदान दिइने जनाएको छ ।

उहाँका अनुसार सरकारले स्थानीय तहलाई आयोजनाका लागि प्रदान गर्न सकिने क्षेत्रहरूको पनि तोकेर ढाँचा पनि पठाएको छ । सडक तथा पूर्वाधार, शैक्षिक विकास, आधारभूत स्वास्थ्य सेवा, प्रदेशको सन्तुलित विकास, आर्थिक, सामाजिक र अन्य विभेद न्यूनीकरण गर्ने, रोजगारी सिर्जना हुने, खानेपानी तथा सिँचाइ, सौर्य ऊर्जा, कृषि, विद्युतीकरण, सिर्जनशीलता, उद्यमशीलता र नवप्रर्तनलाई प्रोत्साहन गर्ने वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजनालाई प्राथमिकता दिएर अनुदान दिन सकिने बताइएको छ ।

कर्णाली प्रदेश सशर्त अनुदानसम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८२ दफा ७ को उपदफा १ मा व्यवस्था भएबमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरूको प्रस्ताव गरी सोही कार्यविधिअनुसार अनुदान माग र प्रस्ताव पेस गर्न सूचना गरिएको सूचना अधिकारी चौधरीले बताउनुभयो ।

प्रदेश सरकारले सूचनामार्फत कर्णाली प्रदेशभित्रका स्थानीय तह, सार्वजनिक संस्था तथा लाभग्रही र प्रदेशसभा सदस्यहरूलाई जानकारी गराइएको छ । स्थानीय तहलाई रु. एक करोडको सीमाभित्र रही बढीमा पाँच, सार्वजनिक संस्था तथा लाभग्राहीलाई रु. ५० लाखको सीमाभित्र रही बढीमा दुई र प्रदेशसभा सदस्यहरूलाई अधिकतम रु. दुई करोडको सीमाभित्र रहेर आयोजना प्रस्ताव गर्न अनुरोध गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । *रासस*

।सम्पादकीय।

# सार्वजनिक सम्पत्ति र जग्गा संरक्षण गर्नु राज्यको दायित्व

सुकुमवासीको नाउँमा सार्वजनिक या पर्ती जग्गा मिचेर ठुल्ठुला भवन ठड्याउने, ठड्याइएको भवन बहालमा दिने, भवन बनाएर बेच्ने हुकुमवासीहरूमाथि कारबाही गर्नुपर्छ; कारबाही गर्नु ठीक हो। तर, हुकुमवासीहरूको नाउँमा सुकुमवासीहरूलाई कुनै पूर्वाधार या योजना तयार नगरी बस्ती भत्काएर, उठाएर र काकाकुल बनाएर अन्योल र अप्ठेरोमा पुऱ्याउने काम राज्यले गर्नु हुँदैन। विगतमा राजनीतिको आडमा, सत्ता र शक्तिको आधारमा पर्ती जग्गा मिच्ने, पर्तीमा बङ्गाला बनाएर, घर बनाएर बिक्री गर्ने, ठुल्ठुला भवनहरू कौडीको मूल्यमा बहालमा दिने सरकारको कार्य निन्दनीय छ। यस्ता अनियमित कार्यको पनि यो सरकारले एक एक छानबिन गरेर कारबाहीको प्रक्रिया अघि बढाउनु जरुरी छ। शक्ति र राजनीतिक आवरणमा व्यक्तिको नाउँमा रहेका पर्ती जग्गा, पोखरी, पर्ती, सत्तल आदि पनि सार्वजनिक गर्नुपर्नेतर्फ सरकारको ध्यान जानुपर्छ।

वैशाख २१ गते प्रकाशित 'नागरिक' दैनिकमा लेखियो, 'शेरा दरबार, स्वर्गद्वारी, जानकी मन्दिरका सयौँ बिघा जग्गा भूमाफियाको कब्जामा।' भूमाफियाद्वारा कब्जा गरिएको शेरा दरबार, स्वर्गद्वारी आश्रम र बृहत्तर जनकपुर क्षेत्रको सयौँ बिघा जग्गा सरकारले अझै फिर्ता लिन सकेको छैन; फिर्ता लिन कारबाहीको प्रक्रिया अघि बढाएको छैन। नुवाकोटको शेरा दरबारमा सयौँ रोपनी जग्गा राजनीतिक आडमा व्यक्तिको कब्जामा छ। अन्नपूर्ण फार्मिङ सञ्चालन गरेका विकेश श्रेष्ठले जग्गा हालसम्म फिर्ता नगरेको समाचार छापिएको छ। त्यस्तै स्वर्गद्वारी आश्रमका नाउँमा रहेको दाङको घोराहीस्थित झिगौँरामा २६ बिघा १८ कट्ठा पाँच धुर जग्गा भूमाफियाहरूको कब्जामा रहेको खबर पनि सोही पत्रिकामा छापियो। जनकपुर जानकी मन्दिरको सयौँ बिघा जग्गा पनि भूमाफियाकै कब्जामा रहेको छापामा आयो। यसरी पर्ती, सार्वजनिक जग्गा अतिक्रमण गर्ने, बिक्री गर्ने व्यक्तिहरूमा भूमाफियाको चक्करमा नेता, पूर्वमन्त्री, पूर्वसांसद र कति उच्चपदस्थ कर्मचारीहरू फसेको समाचार पनि प्रकाशित भएकै हो।

अनामनगरस्थित धोबी खोला मिचेर बनाइएको साततले घरमा आइतबार डोजर लगाएर घरको केही भाग भत्काइएको थियो। यसरी नै काठमाडौँको कमलपोखरी र पर्ती जग्गा मिचेर १२/१३ तल्लाको घर बनाइएको थियो। छायादेवीको नाउँ रहेको सो घर पनि सार्वजनिक जग्गा र पोखरी मिचेर बनाइएको हुँदा भत्काउनुपर्ने हो। उक्त छायादेवी भवनलाई पनि राजनीतिक आडमै हालसम्म केही गर्न नसकिएको हो कि ! यसरी अतिक्रमणमा परेका जग्गा, अतिक्रमित जग्गामा बनेका व्यक्तिगत भवनहरू देशमा कति छन् कति ! यस्ता अतिक्रमित जग्गा र भवनहरू पनि राष्ट्रियकरण गर्न या समुदायको बनाउन वर्तमान सरकार अघि बढ्नुपर्ने देखिन्छ। समुदाय या सार्वजनिक सम्पत्ति कुनै व्यक्तिको नाउँमा गए पनि त्यसलाई फेरि सार्वजनिक गर्नुपर्छ। यतातर्फ पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ध्यान जानुपर्छ।

अतिक्रमित सार्वजनिक जग्गा या भवन संरक्षण गर्नु राज्यको दायित्व हो। देशको सम्पत्ति व्यक्तिले होस् या कुनै शक्ति राष्ट्रले अतिक्रमण गरे सोको संरक्षण गर्नुपर्छ। नेपाली भूमि अतिक्रमित हुनुमा शासक दलहरू नै बढी दोषी छन्। सत्तासीन दलका नेताहरूले जग्गा संरक्षण गर्नेतर्फ चासो नै राखेनन्। आफ्ना दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि तथा कार्यकर्ताहरूले जस्तो अपराध र अनियमितता गरे पनि मौन बस्ने या दुरुत्साहित बनाउने काम नगरेको हुँदा अनियमितता बढेको हो। नेपालको विभिन्न भागमा जग्गा अतिक्रमण गरे पनि नेपाल सरकारले बोल्न नसकेको कारण भारतले जग्गा अतिक्रमण गर्ने काम नछोडेको हो।

'सुकुमवासी' को बस्ती सबै भत्काएपछि जनताको व्यापक विरोध भयो; जन दबाब बढ्यो। बस्ती भत्काउनुअघि साँच्चै सुकुमवासीहरू कति छन् ?, सकुमवासीको नाउँमा रजगज गर्ने हुकुमवासीहरू कति छन् ? सोधखोज गर्नुपर्ने हो। सुकुमवासीहरूको बसाइँ कहाँ कसरी मिलाउने हो ? त्यो सबै अध्ययन गर्नुपर्ने हो। सुकुमवासीहरूलाई कुनै ठाउँमा त्यसै छोडेर समस्या समाधान हुँदैन। बस्ती भत्काउनुअघि नै सरकारले वास्तविक सुकुमवासीको प्रमाणीकरण कार्य गरेको भए त्यति समस्या हुँदैनथ्यो; सुकुमवासीहरूको मालसामान, लुगाफाटा र अन्न खेर जाँदैनथ्यो।


सरकारले सुकुमवासीलाई छोडेकै ठाउँमा खानपिनको व्यवस्था गरे पनि आफ्ना बालबालिकाको पढाइमा समस्या पर्छ। उनीहरूले आफ्नो बस्ती नजिक बालबालिकालाई अध्ययन गराएका हुन्छन्। सुकुमवासीहरूको बस्ती पर सरेपछि आफ्ना सन्तानलाई कसरी पढाइको व्यवस्था गर्न सकिन्छ ? हचुवा या बिनाअध्ययन निर्णय गर्दा, प्रक्रिया अघि बढाउँदा तुलनात्मक रूपमा धेरै समस्या देखिएको छ। समस्या देखिएपछि सरकार नागरिकको सुरक्षित, व्यवस्थित तथा दीर्घकालीन पुनःस्थापनाको लागि तयार छ भन्नुभन्दा काम गरेरै देखाउनुपर्ने हो। सुकुमवासीको समस्या छिट्टै समाधान गर्न र सार्वजनिक सम्पत्ति संरक्षण गर्न सरकार लाग्नुपर्छ।

# विश्व सर्वहारावर्गका महान् गुरु कार्ल मार्क्सको सङ्क्षिप्त जीवनी

५ मे १८१८ मा जर्मनीको राइनप्रान्तमा कार्ल मार्क्सको जन्म एक सभ्य यहुदी वकिलको परिवारमा भएको थियो।

स्कूलको पढाइ समाप्त गरेपछि मार्क्सले बोन र बर्लिन विश्वविद्यालयमा कानुन विषयमा अध्ययन गर्नुभयो। उहाँ कानुनको छात्र भए पनि दर्शनशास्त्र तथा इतिहासमा गहिरो चाख राख्नुहुन्थ्यो। आफ्नो परिश्रम एवं तीखो बुद्धिले गर्दा उहाँले विद्यार्थी जीवनमै राम्रो ज्ञान प्राप्त गरिसक्नुभएको थियो।

सन् १८४१ मा उहाँले विश्वविद्यालयबाट डाक्टरेट डिग्री प्राप्त गर्नुभयो। उहाँ प्रोफेसर ( (प्राध्यापक) भएर जनताको सेवा गर्ने ठुलो



इच्छा राख्नुहुन्थ्यो। सरकारको प्रतिक्रियावादी नीतिले स्वतन्त्र तथा प्रगतिशील विचार भएको व्यक्तिलाई स्थान दिँदैनथ्यो। त्यसैले उहाँको इच्छा सफल भएन। तैपनि, आफ्नो इच्छाको विपरीत काम गर्नु पर्दा उहाँ निराश हुनुभएन। उहाँमा दृढता थियो। उहाँ धैर्यपूर्वक अघि बढ्नुभयो।

मार्क्स गरिब जनतालाई असाध्यै माया गर्नुहुन्थ्यो र जनताको मुक्तिको निम्ति नयाँ नयाँ विचार खेलाइरहनुहुन्थ्यो। त्यसबेला हरेक देशमा पुँजीवादको विकास भइरहेको थियो। त्यसताका शासन जमिनदार र सामन्तवर्गको हातमा थियो। यसले गर्दा पुँजीपतिवर्ग धेरै चिढेको थियो र सामन्तवर्गसँग सङ्घर्ष गरिरहन्थ्यो। किसानहरू कमाराजस्तै थिए, तिनीहरू भूदासत्वबाट मुक्त हुन सकेका थिएनन्। गरिब जनताको यस्तो अवस्था देखेर उहाँ धेरै दुःखी हुनुहुन्थ्यो। त्यसैले उहाँले गरिब जनतालाई सहयोग गर्ने इच्छा गर्नुभयो।

सन् १८४२ मा मार्क्सले जनताको पक्षमा कोलोन भन्ने ठाउँबाट 'राइनिशे जाइटुङ' (राइन समाचार पत्र) नामक पत्रिका निकाल्नुभयो। यसमा उहाँका धेरैजसो लेखहरूले जनतामाथिको अत्याचारको विरोधमा छापेर गरिब जनतालाई धेरै चेतना दिने गर्दथे। सन् १८४३ मा प्रतिक्रियावादी सरकारले यो पत्रिका बन्द गरिदियो।

सन् १८४३ मा मार्क्सले (२५ वर्षको उमेरमा) जेनी भोन वेस्टफेलेनसित विवाह गर्नुभयो। जेनी एक धनी र सामन्तको घरमा जन्मनुभएको थियो। त्यसबेलादेखि नै उहाँ जनताको हितचिन्तक र सरकारको विरोधी भइसक्नुभएको थियो। यो कुरा थाहा पाएर उहाँलाई ५ वर्षको देश निकालाको सजाय दिइयो।

सन् १८४३ मा मार्क्स पेरिस जानुभयो। पेरिसमा उहाँले राजनीतिशास्त्रको अध्ययन गरेर राजनैतिक चेतना अझ धारिलो पार्नुभयो। सन् १८४४ मा पेरिसमा फ्रेडरिक एङ्गेल्ससित मार्क्सको पहिलोपल्ट भेट भयो। त्यसैबेलादेखि दुई प्रगतिशील लेखकहरूको गहिरो मित्रता सुरु भयो। प्रसिया सरकारको षड्यन्त्रले मार्क्सलाई पेरिसबाट निकाला गरिनुभयो। त्यहाँबाट १८४६ मा उहाँ बेल्जियमको राजधानी ब्रुसेल्स जानुभयो। त्यहाँ उहाँले अर्थशास्त्रको गहन अध्ययन गर्नुभयो र १८४६ मा समाजवादीहरूसित सम्बन्ध राख्न 'कम्युनिस्ट पत्र व्यवहार समिति' खोल्नुभयो। सन् १८४७ मा सबै समाजवादीहरूको राय स्वीकार गरेर मार्क्स र एङ्गेल्स 'न्याय समिति' (लीग अफ दी जस्ट) मा सामेल हुनुभयो। त्यसपछि उहाँले त्यसको नाम 'कम्युनिस्ट लीग' कम्युनिस्ट दल) राख्नुभयो।

'कम्युनिस्ट लीग' को दोस्रो सम्मेलन लण्डनमा नोभेम्बर १८४७ मा भयो। त्यसमा मार्क्स र एङ्गेल्सले पनि भाग लिनुभयो। सम्मेलनमा उपस्थित सबैको अनुरोधमा उहाँहरूले 'कम्युनिस्ट घोषणापत्र' लेख्नुभयो र यो १८४८ मा प्रकाशित भयो। 'कम्युनिस्ट घोषणापत्र' मार्क्स र एङ्गेल्सको तीखो बुद्धिको निचोड थियो। यसको सुरुआत यसरी गरिएको छ- "अहिलेसम्मको समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो।" 'घोषणापत्र' को अन्तमा लेखिएको छ, "मजदुरहरूसँग हार्नको निम्ति आफूलाई बाँधेको सिक्रीबाहेक अरू केही पनि छैन। जित्नको लागि उसको अगाडि सारा संसार छ।"

यसले सामन्त र पुँजीपतिवर्गको बिचको वर्गसङ्घर्षलाई चिनाएर, संसारका शोषित पीडित जनतालाई बाँधी राखेको बन्धनलाई चुँडाल्न शिक्षा दियो। संसारका सर्वहारावर्गमा एकता ल्याउन 'घोषणापत्र' को अन्तमा लेखिएको छ, "संसारका मजदुर एक होऔँ !"

कम्युनिस्ट घोषणापत्र प्रकाशित भएको सालमै फ्रान्समा दोस्रो राज्य क्रान्ति सुरु भयो। त्यस क्रान्तिको प्रमुख मार्क्सलाई नै ठानेर बेल्जियमबाट पनि उहाँलाई निकाला गऱ्यो। उहाँ पेरिस फर्कनुभयो। पेरिसमा धेरै अप्ठ्याराहरूसँग सामना गर्दै ५ वर्षको निष्कासनकाल समाप्त गरेर १८४८ मा आफ्नो देश जर्मनी फर्किनुभयो। स्वदेश फर्केर उहाँ चुप लागेर बस्नुभएन। १ जून १८४८ देखि उहाँले कोलोनका मजदुरहरूको पक्षमा 'न्यु राइनिश जाइतुङ' (नयाँ राइन समाचारपत्र) नामक पत्रिका निकाल्नुभयो। त्यसमा उहाँले फ्रान्सेली जनताको क्रान्तिकारी कदमको प्रशंसा गर्नुभयो। फ्रान्स र जर्मनीका पुँजीपतिवर्गले जनतालाई धोका दियो र शासन सत्ता आफ्नो हातमा पाऱ्यो। यसले गर्दा १९ मे १८४९ मा सो पत्रिकालाई सरकारले बन्द गरिदियो। 'न्यु राइन समाचार' को अन्तिम प्रकाशनमा कोलोनका मजदुरहरूसित बिदा माग्दै उहाँले भन्नुभयो, "सबै ठाउँ र सधैँ आफ्नो अन्तिम साससम्म मजदुरवर्गको मुक्तिको लागि आफ्नो सङ्घर्ष चलाउँदै जानेछौँ।"

३१ वर्षको उमेरमा सन् १८४९ मा मार्क्सलाई जर्मनी सरकारले देश निकाला गऱ्यो। त्यसपछि उहाँ पेरिस जानुभयो। पेरिसमा पनि उहाँलाई बस्न दिइएन, उहाँ लण्डन जानुभयो। प्रवासमा रहँदा सबैको जीवन निश्चय नै कष्टपूर्ण हुन्छ। उहाँले आफ्नो जीवन निर्वाहको लागि 'न्युयोर्क ट्रिब्युन' नामक पत्रिकामा लेख लेख्नुहुन्थ्यो। तर, घरको खर्च तार्न उहाँलाई धौ धौ पर्थ्यो। गरिबीको कारणले गर्दा पाँच केटाकेटीमध्ये तीन जना मृत्युको शिकार भइसकेको थियो। सन् १८५२ मा उहाँको पाँचौँ छोरी मर्दा मुर्दा उठाउन कात्रो किन्न पैसा पनि थिएन। यस सङ्कटमा एक छिमेकी प्रवासीले जेनीलाई कात्रो किन्न दुई पौण्ड मद्दत गरे। त्यस दुई पौण्डले जेनीले आफ्नो मरेकी छोरीको निम्ति कात्रो किनिन्।

यस्तो गरिबीको अवस्थामा पनि मार्क्स कहिल्यै विचलित हुनुभएन र धैर्यपूर्वक काम गर्दै आफ्नो सिद्धान्तलाई अघि बढाउनुभयो। सन् १८५७ मा आर्थिक सङ्कट सुरु भयो। त्यसैबेला उहाँले आर्थिक क्षेत्रमा ठुलो अनुभव प्राप्त गरेर पुँजीको प्रथम खण्ड लेख्न सुरु गर्नुभयो। फेरि उहाँले यसलाई एङ्गेल्सको विचारअनुसार हेरफेर गरेर सन् १८६७ मा प्रथम खण्ड पूर्णरूपले समाप्त गर्नुभयो। त्यस किताबमा उहाँले पुँजीवादको उत्थान, विकास र पतन कसरी हुन्छ भन्ने स्पष्टरूपमा व्याख्या गर्नुभएको छ। मार्क्स केवल लेखक बनिरहन चाहनुहुन्नथ्यो। २८ सेप्टेम्बर १८६४ मा उहाँले 'अन्तर्राष्ट्रिय मजदुर सङ्घ' को स्थापना गर्नुभयो। त्यसमा उहाँले मिहिनेत साथ काम गर्नुभयो। त्यसैबेला उहाँले पुँजीको दोस्रो खण्ड पनि तयार पार्न सुरु गर्नुभयो। यसले गर्दा उहाँको शरीर दिनदिनै कमजोर हुँदै गयो। तर, उहाँको शिक्षाले मजदुरहरूको चेतना महासागरको छालजस्तै पुँजीवादको जरा उखेल्न अगाडि बढिरहेको थियो। उहाँको व्यावहारिक ज्ञानअनुसार पुँजीपतिवर्गले अब सामन्तवादको विरोधमा पुँजीवादी क्रान्ति पूरा गर्न सक्दैन र सर्वहारावर्गले मात्रै क्रान्तिलाई पूरा गर्न सक्छ भन्ने टुङ्गोमा उहाँ पुग्नुभयो। उहाँले सर्वहारावर्गको अधिनायकत्व खडा गर्ने भविष्यवाणी गर्नुभयो। उहाँका लेखहरूले पुँजीवादी समाजमा डढेलो लगाउन सक्थे।

सन् १८७१ मा पेरिसमा मजदुरहरूले सत्ता कब्जा गरी पेरिस कम्युन स्थापना गरेर सर्वहारा अधिनायकत्व कायम गर्न सङ्घर्ष गरे। पुँजीपतिवर्गले सत्ता पेरिस कम्युनको हातमा लिएर संसारमा पहिलोपल्ट सर्वहारावर्गको रातो झन्डा पेरिसमा फहराएर मार्क्सको सिद्धान्तलाई साकार रूप दियो। सत्ता हातमा लिएपछि पेरिस कम्युनले धेरै सुधारहरू गरी जनताको जीवन सुरक्षाको गहन जिम्मेवारी आफ्नो हातमा लिएर कामको निश्चित अवधि (आठ घण्टा) र निश्चित मजदुर तोकिदियो। यसरी 'पेरिस कम्युन' ले जनतालाई साँचो अर्थमा रोजीरोटीको स्वतन्त्रता प्रदान गऱ्यो।

एकदम नौलो र भिन्न उद्देश्य लिएर बनेका पेरिस कम्युनको शिक्षा लिएर संसारका सबै मजदुरवर्ग अगाडि बढ्लान् भनी डराएका संसारका समस्त शासकवर्गको षड्यन्त्रसित सचेत भई पेरिस कम्युनलाई बचाउन मार्क्स स्वयम् अन्तर्राष्ट्रिय सङ्घर्षमा उत्रनुभयो। सर्वहारावर्गले सम्पूर्ण ताकत लगाएर अन्तिम बन्दुक भएसम्म पेरिस कम्युनको रातो झन्डा ढल्न दिएन। यद्यपि, ७२ दिनपछि अत्याचारी पुँजीपतिवर्गले निर्ममतापूर्वक कम्युनिस्टलाई दमन गऱ्यो। सर्वहारावर्गका महान् शिक्षक मार्क्सलाई चारैतिरबाट प्रहार सुरु भए पनि उहाँ दृढतापूर्वक भन्नुहुन्थ्यो, "'पेरिस कम्युन' आफ्नो गौरवपूर्ण अगुवाको रूपमा सधैँ नै याद गरिनेछ।"

पेरिस कम्युनको हारले मार्क्सलाई ठूलो चोट पऱ्यो र उहाँको शरीर दुर्वल हुँदै गयो। उहाँकी श्रीमती जेनी मार्क्स र जेठी छोरी 'जेनी लाँगे' को मृत्युले गर्दा उहाँको हृदयलाई धुजाधुजा पारिदियो। चारैतिरको शोक र चिन्ताले गर्दा उहाँको शारीरिक दुर्वलताले सीमा नाघ्यो। तैपनि, आफ्नो आदर्शप्रति उहाँ दृढ विश्वास राख्दै जानुभयो। १४ मार्च सन् १८८३ मा उहाँ सदाको निम्ति यस धरतीबाट अस्ताउनुभयो।

उहाँ संसारका सर्वहारावर्गका नेता हुनुहुन्थ्यो। उहाँले एक नौलो युगको जग बसाल्नुभयो। उहाँको मृत शरीर १७ मार्च सन् १८८३ मा आफ्नी पत्नीसँगै लण्डनको 'हाइगेट' नामक समाधिमा गाडियो। मार्क्सका घनिष्ट मित्र एङ्गेल्सले उहाँको समाधिको छेउमा उभिएर भाषण दिनुभयो। उहाँले भविष्यवाणी गर्दै भाषणको अन्त गर्नुभयो। उहाँको नाम युगौँयुगसम्म अमर रहनेछ। यसप्रकार उहाँको कीर्ति पनि अमर रहनेछ।

***साभार : जनताको साहित्यबाट***

# मजदुरवर्गको राज्य पेरिस कम्युन

✍ का. रोहित

१८४८ जूनमा पेरिसका मजदुरवर्गको विद्रोहलाई पुँजीपतिवर्गले निर्दयतापूर्वक दबाइदिए । १० डिसेम्बर १८४८ को दिन पुँजीपतिवर्गले राष्ट्रपतिको चुनाव गरे । पुँजीपतिवर्गले नेपोलियनको भतिजो लुई नेपोलियनलाई धनजनले मद्दत गरे । किसानहरूमा बुढो नेपोलियनको वीरताको खुब प्रचार गरेर नयाँ नेपोलियनको पक्षमा उसले मत लिने छल गर्‍यो । चुनावमा लुई नेपोलियनले जिते र राष्ट्रपति बने । उनलाई नेपोलियन तेस्रो भन्ने चलन छ ।

२ डिसेम्बर १८५१ मा नेपोलियन तेस्रोले राष्ट्रिय प्रतिनिधिसभा भङ्ग गरे । २ डिसेम्बर १८५२ मा पुँजीपतिवर्गले राष्ट्रपति नेपोलियन



तेस्रोलाई सम्राट घोषणा गरे । मजदुरवर्ग र स-साना पुँजीपतिवर्गले मात्रै त्यसको विरोध गरे । तर, सेनाको समर्थन उनलाई थियो । बैङ्क व्यवस्थाबाट अनेक सुविधाहरू पाएर पुँजीपतिवर्गले त्यसबाट उद्योग र व्यापारको विकास गर्ने मौका पाए । व्यापार र उद्योगको विकासले बजारको निम्ति अरू देश कब्जा गर्ने नीतिहरू बनाउन थालियो । त्यसकारण, १८५४ र १८५६ को बिचमा उनले रुसमाथि हमला गरे । अफ्रिका र हिन्दचीनमा उनले उपनिवेशवादी शासन कायम गरे; मेक्सिकोमा आफ्नो दलाल सरकार कायम गर्न खोजे र टर्कीमाथि कब्जा गर्न र रुसलाई हराउन बेलायतसँग मिले । त्यो लडाइँ साह्रै खर्चालु साबित भयो । त्यो खर्च पूरा गर्न उनले किसानहरूमाथि कर लगाउन थाले । उनले ठुलठुला जमिनदार र पुँजीपतिवर्गको एक गुटको स्वार्थ पूरा गर्थे । १८६० मा बेलायती सामान फ्रान्समा पनि भित्र्याउन दिन एक सम्झौता भयो । त्यसले फ्रान्सेली पुँजीपतिवर्गलाई नोक्सान गर्थ्यो । यसकारण, पुँजीपतिवर्गको एक हिस्सा उनीसँग रिसायो ।

किसानहरू करको बोझले उनीसँग रिसाउँदै थिए । तिनीहरू ऋणमा डुब्दै थिए र असन्तोष बढ्दै गयो । मालसामानको भाउ बढ्दै गयो । जनतासँग पैसा थिएन । मालसामान बिक्न र कलकारखाना राम्रो चल्न छोड्यो । मजदुरवर्ग बेकार भयो । गरिबी झन्झन् चर्कँदै गयो । मजदुरहरूलाई कारखानामा दिनको १२ देखि १६ घण्टासम्म काम गराइन्थ्यो । १८६७ मा लिरे भन्ने कोइलाखानीमा मजदुरहरूले हडताल गरे । ज्याला बढाउन र ८ घण्टाको कामको माग मजदुरहरूले गरे । त्यस्तै लेक सोडमा स्वोडरका मजदुरहरूले हडताल गरे । हडताल दबाउन सेनाको प्रयोग गरियो । त्यसबाट क्रुद्ध भई ठाउँ-ठाउँमा मजदुरहरूको सङ्घर्ष बढ्दै गयो । थिचोमिचो र दमनको विरोधमा ठाउँ-ठाउँमा जनसभा, प्रदर्शन र हडताल हुन थाले । गणतन्त्रवादीहरूले शासक गुटको विरोधमा प्रचार र सङ्गठन गर्दै गए । १८७० जनवरी महिनामा २ लाख जनताले सरकारको विरोधमा जुलुस गरे । 'गणतन्त्र अमर होस् !' र 'बोनापार्ट मुर्दावाद !' भनेर जनताले नारा लगाए ।

मजदुर आन्दोलनलाई दबाउन र जनताको असन्तोषलाई मोड्न पुँजीपतिवर्गले नयाँ छल गरे । फ्रान्सले जर्मनीमाथि धाबा बोल्यो । जर्मनी त्यसबेला स-साना टुक्रामा विभाजित थियो । त्यो एक भएमा बलियो हुन्थ्यो । बलियो भए त्यसमाथि फ्रान्सले थिचोमिचो गर्न सक्दैनथ्यो । जर्मनी एक हुन खोज्दै थियो । फ्रान्सेली पुँजीपतिवर्ग त्यो चाहँदैनथे । जर्मनी पनि फ्रान्सेली पुँजीपतिवर्गले गर्ने आक्रमणसँग जुझ्न तयारी गरिरहेका थिए । जर्मनीका राज्यहरूमा प्रसिया सबभन्दा बलियो राज्य थियो । त्यसबेला प्रसियाको प्रधानमन्त्री विस्मार्क थिए । रुस, बेलायत, इटाली आदि देशहरू पनि फ्रान्सको पक्षमा थिएनन् । विस्मार्कले पूरै लडाइँको तयारी गरेका थिए । फ्रान्स स्पेनलाई आफ्नो प्रभाव क्षेत्र मान्थ्यो । विस्मार्कले स्पेनको गद्दीमा आफ्नो पक्षको मानिसलाई राख्न लगाए । त्यो कार्य फ्रान्सको निम्ति एक हाँक थियो ।

।

सेडानको हारको समाचार पेरिसमा पुग्यो । जनताले नेपोलियन तेस्रोको विरोधमा विद्रोह गर्न थाले । ४ सेप्टेम्बरको दिन जनता राष्ट्रिय प्रतिनिधिसभा भवनमा घुसे । सम्राट नेपोलियनले तेस्रो गद्दीबाट निकालिएको घोषणा गरे; गणतन्त्रको घोषणा गरे र मातृभूमि बचाउन माग गरे । लियो गामबेला भन्ने एक पुँजीवादी राजनीतिज्ञको नेतृत्वमा अस्थायी पुँजीवादी सरकार बन्यो । त्यसको नाम 'राष्ट्रिय रक्षाको सरकार' राखियो । त्यो एक पुँजीवादी प्रजातान्त्रिक क्रान्ति थियो । तर, राष्ट्रिय प्रतिनिधिसभामा राजतन्त्रवादीहरू बहुमतमा थिए । तिनीहरू प्रसियासँग सम्झौता गर्न चाहन्थे । तर, जर्मनीमा पुँजीपतिवर्गले आफ्नो हात माथि पारिसकेपछि फ्रान्सेली इलाकाहरूमा धावा बोल्दै रक्षात्मक युद्धलाई अब लुटपाट र डकैती युद्धमा फेरिदिए । जर्मनी अब फ्रान्सको अलसास र लोरेन प्रान्त कब्जा गर्न चाहन्थ्यो । फ्रान्सेली गणतन्त्रले अब रक्षात्मक युद्ध लड्न थाल्यो ।

१७ सेप्टेम्बरको दिन जर्मन सेना पेरिस पुग्यो । मजदुरहरूले जनतालाई सशस्त्र गर्न सरकारसँग माग गरे । सरकारले जनतालाई हतियार दिन कर लाग्यो । २२० नयाँ डिभिजन पेरिसको राष्ट्रिय गार्डमा थपियो । पहिलेको साठी बटालियन सेना बाँकी नै थियो । हरेक घरबाट एक सिपाही भए । शत्रुसँग धेरै ठाउँमा भिडन्त सुरु भयो । फ्रान्सेली जनताको वीरता र साहस उँचो थियो । तर, लडाइँको निम्ति पूरा तयारी गर्न नसकिएकोले लडाइँ हार्न थाल्यो । मार्शल बाजेनले १ लाख ७० हजार सेनासहित आत्मसमर्पण गरिदियो । पेरिस शत्रुको घेरामा पर्‍यो । राजतन्त्रवादीहरू र पुँजीपतिवर्ग तर्सिन थाले । तिनीहरू प्रसियाको अगाडि घुँडा टेक्ने पक्षमा गए । प्रसिया अलसास र लोरेन प्रान्त हात पार्न चाहन्थ्यो । ४ अर्ब फ्राङ्क लडाइँको हर्जाना चाहन्थ्यो । साथै एक निश्चित समयसम्म पेरिसमा आफ्नो सेना राख्न चाहन्थ्यो । सम्झौताको निम्ति प्रसियाको दबाब बढ्दै थियो । प्रसियाले पेरिसमा गोलाबारी सुरु गर्‍यो । खान नपाएर कामदार जनताका छोराछोरी मर्न लागे । जनताको आर्थिक स्थिति साह्रै खराब हुँदै गयो । तर, सम्पत्ति भएको वर्ग मोजमज्जा गर्दै थियो । तिनीहरू प्रसियाका सबै सर्तहरू मानेर भए पनि घुँडा टेक्ने नीतिमा अडिग थिए । भित्रभित्रै मेलमिलाप गर्दै गयो ।

पुँजीपतिवर्गको यस विश्वासघाती नीतिले मजदुरहरू सतर्क हुन थाले । पेरिसका बीसौँ जिल्लाबाट मजदुर र कालिगडहरूको प्रतिनिधि एकै बैठकमा भेला भए । त्यस प्रतिनिधिहरूको बैठकले एक तयारी समिति गठन गर्‍यो । त्यसले बीसौँ जिल्लाको तर्फबाट एक कार्यक्रम तयार गर्‍यो । पुलिसको काम जनतालाई सुम्पने, सरकारी पदाधिकारीहरूको चुनाव गर्ने, भाषण, सभा, सङ्गठन र प्रेस स्वतन्त्रता दिने आदि कार्यक्रमका मुख्य विषयहरू थिए । ती प्रजातान्त्रिक विषयहरूलाई मागको रूपमा पेरिसको पर्खालहरूमा टाँसिदिए । व्यापारीहरूको सबै खाद्यान्न जफत गर्ने र जनतामा सस्तो मूल्यमा वितरण गर्ने माग जनताले गरे । जनताले त्यस राष्ट्रिय रक्षा सरकारलाई सरापे । ती कागजहरूमा सत्ता जनतालाई सुम्पने मागहरू लेखिएको थियो । पुँजीपतिवर्ग विदेशी शत्रुभन्दा घरका क्रान्तिकारी मजदुरवर्गसँग डराउँथे । तिनीहरूले शत्रुको अगाडि घुँडा टेक्ने निश्चय गरे ।



भर्सैलिज दरबार

३१ अक्टोबर १८७० को दिन मजदुर कालिगडहरूको विभिन्न गुटहरू मिलेर पेरिसको भिले होटल कब्जा गरे । राष्ट्रिय रक्षा सरकार भङ्ग गरेको घोषणा गरियो । मजदुरहरूको तयारी समितिले एक केन्द्रीय समितिको रूपमा काम गर्न थाल्यो । मजदुरवर्गले त्यसलाई कम्युन अथवा क्रान्तिकारी सरकार घोषणा गर्‍यो । मजदुरहरूले नारा लगाए, 'कम्युन अमर होस् ।' त्यो एक विद्रोह थियो ।

त्यसकारण, पुँजीपतिवर्गको राष्ट्रिय रक्षा सरकारले त्यस विद्रोहलाई दबाउन सबै बन्दोबस्त गर्न थाल्यो । मजदुरवर्गले पनि २२ जनवरी १८७१ को दिन त्यस सरकारलाई राष्ट्रिय विश्वासघाती सरकार भनेर हतियारको बलमा उल्टाउने कोसिस गरे । तर, त्यो योजना असफल भयो । पुँजीवादी सरकार र सेनापति मजदुरवर्गदेखि सतर्क थिए । धेरै विद्रोहीहरू गिरफ्तार गरिए र जेलमा बन्द गरिदिए ।

२८ जनवरी १८७१ को दिन त्यस विश्वासघाती सरकारले जनतालाई थाहै नदिई प्रसियासँग घुँडा टेक्ने र युद्ध बन्द गर्ने सन्धिमा हस्ताक्षर गर्‍यो । सन्धिको लगत्तै चुनाव गर्ने घोषणा गर्‍यो । फ्रान्सको तीन भागमध्ये एक भाग शत्रुको कब्जामा थियो । ती ठाउँको चुनावमा शत्रुहरूले हुनसम्म मद्दत गरेर प्रतिक्रियावादीहरूलाई जिताए । धर्ममाथि विश्वास गर्ने र पिछडिएको गाउँ गाउँमा धर्माधिकारीहरूले जनतालाई धोखा दिएर राजतन्त्रवादीहरूलाई मत दिन लगाए । पेरिस शत्रुबाट घेरिएको थियो । त्यसकारण, त्यहाँ मतदान भएन । ७०० प्रतिनिधिमध्ये ४५० प्रतिनिधिहरूमा राजतन्त्रवादीहरू जिते । त्यस राष्ट्रिय सभाले एक नयाँ सरकार गठन गर्‍यो । त्यसको मुख्य व्यक्ति एडोल्फ थिएर थिए ।

थियर एक कुख्यात प्रतिक्रियावादी थिए । १८३० को आन्दोलनको बेला पेरिसका मजदुरहरूलाई गोली हान्न लगाउने क्रूर गुण्डा थिए । उनी एक पुँजीवादी वकिल, झूटा इतिहासकार र राजनीतिज्ञ थिए । उनी प्रतिनिधिसभाका सदस्य थिए र राष्ट्रपति बने । पुँजीपतिवर्ग पेरिसका क्रान्तिकारी वर्गसँग डराउँथे । यसकारण, राष्ट्रिय सभा वोर्डकस भन्ने सहरमा बस्यो । वोर्डकस फ्रान्सको दक्षिण पश्चिमतिर पर्छ । राजधानी पनि पेरिसबाट भर्सैलिजमा सार्‍यो । भर्सैलिज पेरिसभन्दा केही माइल दक्षिण पश्चिमतिर पर्दछ ।

थियरको सरकारले मजदुरवर्गलाई घुँडा टेकाउन मजदुरविरोधी नीति लियो । घेरामा परेको बेलामा राष्ट्रिय गार्डले तलब नपाउने र डेरा बहाल भत्ता नदिने निर्णय गर्‍यो । त्यो निर्णय मजदुरवर्गलाई दबाब दिने र डेराबाट निकाल्न लगाउने षड्यन्त्र थियो । प्रजातान्त्रिक अखबारहरू बन्द गरिए । क्रान्तिकारी नेताहरूलाई गिरफ्तार गर्न सुरु गरियो ।

त्यस प्रतिक्रियावादी नीतिले गर्दा मजदुरहरूमा देशभक्ति र क्रान्तिकारी भावना बढ्दै गयो । फेब्रुअरी १८७१ मा राष्ट्रिय गार्डको केन्द्रीय समितिको बैठक बस्यो र जनतालाई देश बचाउन आह्वान गर्‍यो । राष्ट्रिय गार्डसँग तोप र गोलाबारुद थियो । त्यो मजदुरहरूकै चन्दाबाट जुटाइएको थियो ।

१८ मार्च १८७१ को दिन ती तोपहरूमाथि कब्जा गर्न थियरले सरकारी पल्टन पठाए । समयमै मजदुरहरूले थाहा पाए । खतराको घण्टी बज्यो । सबै मजदुरहरू तोप राखेको ठाउँमा पुगे । मजदुरहरूले फेरि तोप आफ्नो हातमा लिए । सरकारी अफिसरले सिपाहीहरूलाई मजदुरहरूमाथि गोली चलाउन आदेश दिए । सिपाहीँहरूले अफिसरहरूको आदेश मान्न अस्वीकार गरे; उल्टै अफिसरहरूमाथि गोली हाने । तोपहरू राष्ट्रिय गार्डकै हातमा रह्यो ।

सशस्त्र राष्ट्रिय गार्ड र मजदुरहरू पेरिसको केन्द्रतिर लम्के । सरकारी ब्यारेकमाथि कब्जा गरियो । राष्ट्रिय गार्डको केन्द्रीय समितिले पेरिस कब्जा गर्ने आदेश दियो । विद्रोहीहरूले सरकारी छाउनी, स्टेसनहरू, सरकारी भवनहरू र सहरको मुख्य मुख्य ठाउँ कब्जा गरे । थियर र उनका मन्त्रीहरू पेरिस छोडेर भागे । सरकारी पल्टन पनि भर्सैलिजमा भाग्यो । राष्ट्रिय गार्ड र मजदुरवर्गले भिले होटल र युद्ध मन्त्रालयमा रातो झन्डा फहराइदिए । १८ मार्च १८७१ को दिन पेरिसका मजदुरवर्गको क्रान्तिको दिन थियो । राष्ट्रिय गार्डको केन्द्रीय समिति पेरिसको सरकार बन्यो । पुँजीपतिवर्गलाई पेरिसका मजदुरवर्गले सत्ताबाट गलहत्याइदिए ।

**मजदुरवर्गको नयाँ सरकार पेरिस कम्युन**

२६ मार्च १८७१ को दिन पेरिस कम्युनका प्रतिनिधिहरूको चुनाव भयो । चुनावबाट जम्मा ८५ प्रतिनिधिहरू चुनिए । त्यसमध्ये आधा मजदुरहरू थिए । २१ जवान पुँजीपतिवर्गका थिए । अरू बाँकी कर्मचारी, डाक्टर, शिक्षक, पत्रकार आदि थिए । सबै प्रतिनिधिहरूको हिसाब गर्दा अत्यन्त बहुमत प्रतिनिधिहरू मजदुरवर्गका थिए । पेरिस कम्युनको नेतृत्व मजदुरवर्गको हातमा थियो । २८ मार्च १८७१ को दिन प्रतिनिधिहरूले पेरिसमा नयाँ सरकारको घोषणा गरे । त्यस सरकारको नाम 'पेरिस कम्युन' राखियो । राष्ट्रिय गार्डको केन्द्रीय समितिले कम्युनलाई आफ्नो शक्ति सुम्पेको घोषणा गर्‍यो । बैन्ड बाजा बजाएर जनताले खुसी मनाए र नारा लगाए, 'कम्युन अमर होस् ।'

'पेरिस कम्युन' जनताको राज्यको सबभन्दा माथिल्लो अङ्ग थियो । पेरिस कम्युन ऐन कानुन बनाउने एक विधायिका सभा र कार्यान्वयन गर्ने कार्यपालिका दुवै थियो । सेना, जन-सुरक्षा, विदेश सम्बन्ध, न्याय, जनसेवा, शिक्षा, खाद्य, श्रम, श्रम विनिमय, अर्थसम्बन्धी कार्यहरू विभिन्न कार्य समितिहरूमार्फत काम चालू गरे । जनतालाई चित्त बुझेन भने आफ्ना प्रतिनिधिहरूलाई फिर्ता बोलाउने अधिकार दिइयो । तर, केही निजामती कर्मचारीहरू पुँजीपतिवर्गको राजधानी भर्सैलिज भागे । बाँकी भएकाहरूले नयाँ सरकारको मातहतमा काम गर्न अस्वीकार गरिदिए । २१ जवान पुँजीवादी प्रतिनिधिहरूले कम्युनलाई त्यागिदिए अथवा कम्युनलाई बहिष्कार गरे । ३५ हजार कम्युनबाट ७ लाख नगर सदस्य चुनिएका थिए । त्यसमध्ये विरोधीहरू ८ हजार मात्र थिए ।

- *'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू'*



हर्मुज जलडमरु बन्द गर्नको लागि अमेरिकी जलसेनाले जलडमरुको मुखमा तेर्साएर राखिएको मालवाहक जहाज ।
*तस्बिर : प्रेस टिभी*

# हर्मुज जलडमरूमध्यमा अवरोधबिच तेल सङ्कटले एसिया–प्रशान्त क्षेत्रमा ठुलो प्रभाव : जापान

क्यानबेरा, ४ मे (एएफपी) । जापानकी प्रधानमन्त्री सानाए ताकाइचीले सोमबार विश्वव्यापी तेल आपूर्ति सङ्कटले एशिया-प्रशान्त क्षेत्रमा 'अत्यन्त ठूलो प्रभाव' पारेको बताउनुभएको छ ।

अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजसँग क्यानबेरामा भएको भेटवार्तापछि उहाँले दुवै देशले ऊर्जा आपूर्तिलाई सुरक्षित र स्थिर बनाउन आपसी सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

उहाँका अनुसार विश्वको करिब एक-पाँच भाग तेल सामान्य अवस्थामा हर्मुज जलडमरूमध्य हुँदै आपूर्ति हुने गर्छ । तर हालको परिस्थितिमा संयुक्त राज्य अमेरिका र इजरायलमाथि आक्रमणपछि इरानले उक्त महत्त्वपूर्ण समुद्री मार्गमा अवरोध सिर्जना गरेकाले आपूर्ति शृङ्खला प्रभावित भएको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) का अनुसार उक्त मार्गबाट हुने तेल निर्यातको करिब ८० प्रतिशत एसिया-प्रशान्त क्षेत्रतर्फ जाने गर्छ ।

"हर्मुज जलडमरूमध्यमा देखिएको अवरोधले इन्डो-प्यासिफिक क्षेत्रमा गम्भीर असर पारेको छ," प्रधानमन्त्री ताकाइचीले बताउनुभयो । उहाँले जापान र अष्ट्रेलिया दुवै देशले ऊर्जा सुरक्षाका लागि घनिष्ठ समन्वयमा काम गर्ने उल्लेख गर्नुभयो ।

अष्ट्रेलिया जापानका लागि तरल प्राकृतिक ग्यास (एलएनजी) को प्रमुख आपूर्तिकर्ता हो भने जापान पनि अष्ट्रेलियाको डिजेल आपूर्तिमा महत्त्वपूर्ण साझेदार मानिन्छ । यसै सन्दर्भमा दुवै देशले ऊर्जा, अर्थतन्त्र, रक्षा तथा महत्त्वपूर्ण खनिज आपूर्तिमा सहकार्य विस्तार गर्ने सहमति गरेका छन् ।

अष्ट्रेलियाका प्रधानमन्त्री अल्बानीजले यस्तो सहकार्यले दुवै देशलाई विश्वव्यापी आर्थिक तथा भूराजनीतिक चुनौतीहरूबाट थप सुरक्षित बनाउने विश्वास व्यक्त गर्नुभयो ।

जापानले सेमिकन्डक्टर, इलेक्ट्रिक सवारी साधनका ब्याट्री तथा रक्षा प्रणालीका लागि आवश्यक महत्त्वपूर्ण खनिजको सुरक्षित आपूर्तिमा जोड दिँदै आएको छ । अष्ट्रेलियाले पनि आफ्नो खनिज स्रोतलाई अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलामा विविधता ल्याउने अवसरका रूपमा उपयोग गर्दै आएको छ ।

दुवै देशबिच रक्षा सहकार्य पनि विस्तार हुँदै गएको छ । गतवर्ष करिब १० अर्ब अष्ट्रेलियन डलरको सम्झौताअन्तर्गत जापानले अष्ट्रेलियालाई मोगामी-क्लास स्टेल्थ युद्धपोत आपूर्ति गर्ने सहमति भएको थियो ।

जापानले हालै भियतनाममा दिएको विदेश नीति सम्बोधनमा 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' अवधारणालाई थप सुदृढ बनाउने प्रतिबद्धता पनि जनाएको छ, जसलाई क्षेत्रीय रणनीतिक सन्तुलनसँग जोडेर हेरिन्छ ।

हर्मुज जलडमरूमा देखिएको अवरोध र मध्यपूर्वको तनावकाबिच जापान र अष्ट्रेलियाले ऊर्जा तथा आपूर्ति सुरक्षालाई प्राथमिकतामा राख्दै आपसी सहकार्यलाई अझ मजबुत बनाउने प्रयास गरिरहेका छन् ।

# भारतमा मतगणना : मोदीका लागि निर्णायक घडी

कोलकाता, ४ मे (एएफपी) । भारतका विभिन्न राज्यमा सम्पन्न चुनावको मतगणना सोमबार कडा सुरक्षा व्यवस्थाबिच सुरु हुँदा यसको नतिजाले प्रधानमन्त्री नरेन्द्र मोदीका लागि राजनीतिक रूपमा महत्त्वपूर्ण सन्देश दिने अपेक्षा गरिएको छ । विशेषगरी पश्चिम बङ्गालमा केन्द्रित यस चुनावी प्रतिस्पर्धालाई राष्ट्रिय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

अप्रिल र मे महिनामा पाँच राज्य तथा क्षेत्रहरूमा सम्पन्न निर्वाचनपछि अहिले मतगणना भइरहेको छ । सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) विपक्षीको नियन्त्रणमा रहेका राज्यहरूमा आफ्नो प्रभाव विस्तार गर्ने रणनीतिमा देखिएको छ । राष्ट्रिय संसद्मा बहुमतसहित सत्तामा रहेको भाजपाले यी चुनावलाई आफ्नो पकड थप मजबुत बनाउने अवसरका रूपमा लिएको छ ।

सबैभन्दा बढी ध्यान भने पश्चिम बङ्गालतर्फ केन्द्रित छ, जहाँ करिब १० करोड जनसङ्ख्या भएको राज्यमा सन् २०११ देखि सत्तामा रहँदै आएकी मुख्यमन्त्री ममता बनर्जी नेतृत्वको अखिल भारतीय तृणमूल काङ्ग्रेस (टिएमसी) लाई हटाउन भाजपाले आक्रामक अभियान चलाएको थियो । हिन्दू राष्ट्रवादी धार बोकेको भाजपाले यसपटक उल्लेखनीय उपलब्धि हासिल गर्ने अपेक्षा गरेको छ ।

गत हप्ता सार्वजनिक गरिएको एक्जिट पोलहरूले टिएमसी र भाजपाबिच कडा प्रतिस्पर्धा देखाए पनि केहीले भाजपालाई झिनो अग्रता दिएका थिए । यद्यपि भारतमा एक्जिट पोलहरूको विश्वसनीयता अघिल्ला अनुभवका आधारमा कमजोर मानिँदै आएको छ ।

राजनीतिक विश्लेषक विश्वनाथ चक्रवर्तीका अनुसार पश्चिम बङ्गालको नतिजाले देशव्यापी राजनीतिक समीकरणमा प्रभाव पार्न सक्छ । उहाँले कोलकातामा एएफपीसँग कुरा गर्दै यस प्रतिस्पर्धाले शक्ति सन्तुलनलाई नयाँ ढङ्गले परिभाषित गर्न सक्ने सम्भावना रहेको बताउनुभयो ।

यस चुनावी अभियानमा मतदाता सूचीबाट लाखौँ नाम हटाइएको विषयले पनि विवाद निम्त्याएको थियो । अधिकारीहरूले अयोग्य मतदातालाई हटाउने उद्देश्य रहेको बताएका भए पनि आलोचकहरूले यसलाई सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायलाई लक्षित कदमका रूपमा व्याख्या गरेका छन् ।

मतगणनाअघि मुख्यमन्त्री ममता बनर्जीले आफ्नो पार्टी विजयी हुने दाबी गर्नुभयो । उहाँले भाजपाले सत्ता प्राप्त गर्न नसक्ने बताउँदै अन्तिमसम्म धैर्य राख्न समर्थकहरूलाई आग्रह गर्नुभयो । यता पश्चिम बङ्गाल भाजपाका प्रमुख समिक भट्टाचार्यले भने जनताले परिवर्तन चाहेको दाबी गर्दै आफ्नो पार्टीको जित सुनिश्चित भएको प्रतिक्रिया दिनुभयो ।

पश्चिम बङ्गालमा अघिल्ला चुनावहरूमा हिंसात्मक घटना देखिएकाले यसपटक पनि सुरक्षा व्यवस्था कडा पारिएको छ ।

यसैबिच अन्य राज्यहरूमा पनि मतगणना जारी छ । दक्षिणी राज्य तमिलनाडुमा मुख्यमन्त्री एमके स्टालिन नेतृत्वको द्रविड मुनेत्र कडगम पुन: सत्तामा फर्किने अपेक्षा गरिएको छ । करिब आठ करोड जनसङ्ख्या भएको यो औद्योगिक राज्यमा सत्तारूढ दल बलियो अवस्थामा देखिएको छ ।

तीन करोड १० लाखभन्दा बढी जनसङ्ख्या रहेको पूर्वी राज्य असममा भाजपाले आफ्नो नियन्त्रण कायम राख्ने अनुमान गरिएको छ । सानो तटीय क्षेत्र पुडुचेरीमा पनि भाजपा सत्तारूढ गठबन्धनको हिस्सा रहेको छ ।

दक्षिणी राज्य केरलामा भने प्रतिस्पर्धा रोचक बनेको छ । करिब तीन करोड ६० लाख जनसङ्ख्या रहेको यस राज्यमा काङ्ग्रेस नेतृत्वको गठबन्धनले कम्युनिस्ट पार्टीलाई चुनौती दिएको छ र एक्जिट पोलहरूले सत्ता परिवर्तनको सम्भावना देखाएका छन् ।

यी राज्यहरूको नतिजाले प्रधानमन्त्री मोदीलाई आन्तरिक र बाह्य दुवै मोर्चामा प्रभाव पार्ने देखिन्छ । उच्च बेरोजगारी दर, आर्थिक दबाब तथा अमेरिकासँगको सम्भावित व्यापार सम्झौताजस्ता विषयबिच यी चुनावी परिणामहरूले सरकारको आगामी रणनीतिमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## विश्व सङ्क्षेप

# क्षेत्रीय शान्तिका लागि इरानको प्रस्तावमा कूटनीतिक छलफल तीव्र

तेहरान, ४ मे (सिन्ह्वा) । इरानले आफ्नो १४ बुँदे युद्ध अन्त्यसम्बन्धी प्रस्तावमा संयुक्त राज्य अमेरिकाबाट औपचारिक प्रतिक्रिया प्राप्त भएको जनाएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता एस्माइल बाघेईले आइतबार राज्यद्वारा सञ्चालित टेलिभिजनसँगको अन्तर्वार्तामा उक्त जानकारी दिँदै अमेरिकी प्रतिक्रिया हाल अध्ययनको क्रममा रहेको बताउनुभएको छ ।

उहाँले स्पष्ट पार्दै इरानको प्रस्ताव पूर्ण रूपमा युद्ध अन्त्य गर्ने उद्देश्यमा केन्द्रित रहेको र यसमा आणविक विषयसँग सम्बन्धित कुनै पनि प्राविधिक वा विस्तृत विवरण समावेश नगरिएको बताउनुभयो ।

प्रवक्ताका अनुसार हालको प्राथमिकता क्षेत्रीय युद्ध अन्त्यका लागि आवश्यक आधारहरूमा केन्द्रित रहेको छ, जसमा लेबनानलगायत क्षेत्रको अवस्था पनि समावेश छ । उहाँले यस चरणमा कुनै पनि प्रकारको आणविक वार्ता नभएको स्पष्ट पार्नुभएको छ ।

यसैबिच, इरानी विदेशमन्त्री सैयद अब्बास अरागचीले ओमान र जर्मनीका आफ्ना समकक्षीसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गर्दै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पछिल्ला घटनाक्रमबारे छलफल गर्नुभयो । ती छलफलहरूमा कूटनीतिक पहल र युद्ध अन्त्यका सम्भावित उपायबारे विचार आदानप्रदान गरिएको इरानी विदेश मन्त्रालयले जनाएको छ ।

यस घटनाक्रमको पृष्ठभूमिमा हालैको तनावपछि इजरायल र संयुक्त राज्य अमेरिकाले इरानका विभिन्न सहरहरूमा संयुक्त सैन्य कारबाही गरेका थिए, जसपछि क्षेत्रीय तनाव थप बढेको बताइन्छ । त्यसपछि इरानले पनि प्रत्युत्तरस्वरूप क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू गरेको उल्लेख गरिएको छ ।

पछि अस्थायी युद्धविराम लागू भएको भए पनि त्यसपछि भएका वार्ताहरूले कुनै ठोस सम्झौता भने निकाल्न सकेका छैनन् ।

हालको परिस्थिति क्षेत्रीय स्थायित्व र कूटनीतिक प्रयासका लागि अझै संवेदनशील रहेको देखिन्छ ।

# एसिया–प्रशान्तमा ऊर्जा र डिजिटल विकासका लागि ७० अर्ब डलर लगानी

समरकन्द, ४ मे (सिन्ह्वा) । एसिया-प्रशान्त क्षेत्रमा ऊर्जा र डिजिटल पूर्वाधारलाई सुदृढ बनाउन एडिबीले सन् २०३५ सम्म ७० अर्ब अमेरिकी डलर बराबरको ठूलो लगानी गर्ने घोषणा गरेको छ । यो घोषणा उज्बेकिस्तानको समरकन्द शहरमा सम्पन्न एडिबीको ५९औँ वार्षिक बैठकका क्रममा गरिएको हो, जहाँ अध्यक्ष मासातो कान्दाले क्षेत्रीय सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने लक्ष्यसहित दुई प्रमुख पहल अगाडि सारेका हुन् ।

पहिलो पहल ऊर्जा क्षेत्रमा केन्द्रित छ । यस अन्तर्गत विभिन्न देशका विद्युत् प्रणालीहरू आपसमा जोड्ने योजना बनाइएको छ । यसले सीमापार रूपमा विद्युत् आदान-प्रदानलाई सहज बनाउनेछ । उदाहरणका लागि, कुनै देशमा उत्पादन भएको अतिरिक्त जलविद्युत् वा सौर्य ऊर्जा अर्को देशमा पठाउन सकिनेछ । यसले ऊर्जा अभाव भएका क्षेत्रहरूमा भरपर्दो आपूर्ति सुनिश्चित गर्नुका साथै उत्पादन लागत पनि घटाउने अपेक्षा गरिएको छ । यस योजनामा प्रसारण लाइन विस्तार, सबस्टेशन निर्माण, ऊर्जा भण्डारण प्रविधि विकास तथा विद्युत् सञ्जालको आधुनिकीकरणमा विशेष ध्यान दिइनेछ ।

दोस्रो पहल डिजिटल क्षेत्रमा केन्द्रित छ । यसको उद्देश्य एसिया-प्रशान्त क्षेत्रमा डिजिटल पहुँच विस्तार गर्नु र प्रविधिमा आधारित अर्थतन्त्रलाई बलियो बनाउनु हो । यस अन्तर्गत डेटा पूर्वाधार, द्रुत इन्टरनेट सञ्जाल र आधुनिक सूचना प्रणाली विकासमा लगानी गरिनेछ । यसले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा पनि इन्टरनेट पहुँच बढाउनेछ, जसले शिक्षा, स्वास्थ्य, व्यापार र सरकारी सेवाहरूलाई अझ प्रभावकारी बनाउनेछ । साथै, कृत्रिम बुद्धिमत्ता जस्ता उन्नत प्रविधिको प्रयोगमार्फत नयाँ रोजगारी सिर्जना र आर्थिक वृद्धि हुने अपेक्षा गरिएको छ ।

यी दुवै पहलहरूले देशहरूबिचको सहकार्यलाई मजबुत बनाउने, आर्थिक अवसरहरू विस्तार गर्ने र समग्र क्षेत्रमा दिगो विकासलाई गति दिने लक्ष्य राखेका छन् । एडिबीले ऊर्जा र डिजिटल पहुँचलाई भविष्यको विकासका मुख्य आधारका रूपमा लिएको छ ।

एडिबी सन् १९६६ मा स्थापना भएको बहुपक्षीय विकास बैंक हो, जसले एसिया-प्रशान्त क्षेत्रमा गरिबी न्यूनीकरण, पूर्वाधार विकास र आर्थिक समृद्धिका लागि सहयोग गर्दै आएको छ । यसमा हाल ६९ सदस्य देश छन्, जसमध्ये ५० देश यही क्षेत्रका छन् ।

# फिलिपिन्समा ६.० म्याग्निच्युडको भूकम्प

मनिला, ४ मे (एएफपी) । फिलिपिन्सको मध्य भागमा पर्ने समर टापु सोमबार शक्तिशाली भूकम्पले हल्लिँदा स्थानीय बासिन्दामा त्रास फैलिएको छ । अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजीएस) का अनुसार दिउँसो २:०९ बजे (०६०९ जिएमटी) गएको भूकम्पको तीव्रता ६.० म्याग्निच्युड मापन गरिएको छ ।

भूकम्प समर प्रान्तअन्तर्गत पर्ने तटीय सहर सान जुलियनबाट करिब नौ किलोमिटर दूरीमा ७३.३ किलोमिटर गहिराइमा केन्द्रित रहेको जनाइएको छ । गहिराइ बढी भएकाले ठूलो विनाश हुनबाट जोगिएको अनुमान गरिएको छ ।

स्थानीय एक प्रहरी अधिकारीका अनुसार भूकम्प 'अचानक र निकै शक्तिशाली' महसुस गरिएको थियो । उहाँले प्रहरी कार्यालयमै छतसँग जोडिएको एक बीम भाँचिएको र केही फर्निचरहरू हल्लिएको देखिएको बताउनुभयो । सम्भावित परकम्प (आफ्टरसक) को जोखिमका कारण प्रहरीसहित अन्य कर्मचारीहरू बाहिर बसेर सतर्कता अपनाइरहेका छन् ।

हालसम्म मानवीय क्षति वा गम्भीर चोटपटकको कुनै आधिकारिक विवरण प्राप्त नभएको जनाइएको छ । तर भूकम्पको झट्काले स्थानीय स्तरमा डर र असुरक्षाको वातावरण सिर्जना गरेको छ ।

फिलिपिन्स भूकम्पीय दृष्टिले अत्यन्त संवेदनशील क्षेत्र मानिन्छ, किनकि यो प्रशान्त महासागरको 'रिङ अफ फायर' भित्र पर्छ । यो क्षेत्र जापानदेखि दक्षिणपूर्व एशिया हुँदै प्रशान्त महासागरका विभिन्न भागसम्म फैलिएको छ, जहाँ पृथ्वीको प्लेटहरू सक्रिय रूपमा सर्ने भएकाले बारम्बार भूकम्प आउने गर्दछ ।

यसअघि गत अक्टोबरमा पूर्वी मिन्दानाओ क्षेत्रमा ७.४ र ६.७ म्याग्निच्युडका शक्तिशाली भूकम्प जाँदा कम्तीमा आठ जनाको ज्यान गएको थियो । त्यसैगरी केही समयअघि आएको ६.९ म्याग्निच्युडको भूकम्पले ठूलो क्षति पुर्‍याउँदै ७६ जनाको मृत्यु गराएको थियो भने मध्य फिलिपिन्सको सेबु प्रान्तमा करिब ७२ हजार घरहरू ध्वस्त वा आंशिक रूपमा क्षतिग्रस्त भएका थिए ।

यस्ता घटनाहरूले फिलिपिन्समा भूकम्पको जोखिम निरन्तर कायम रहेको स्पष्ट पार्दै आएका छन्, जसका कारण त्यहाँका नागरिक र निकायहरू सधैं सतर्क रहनुपर्ने अवस्था रहेको छ ।

# चीनको जीवन्त इतिहास

✍ चेतनाथ आचार्य

पेइचिङको सिधा उत्तरपट्टि चौथो र पाँचौं चक्रपथको बिचमा ओलम्पिक रङ्गशाला छ । सन् २००८ मा चीनले आयोजना गरेको २९ औं ग्रीष्मकालीन ओलम्पिक खेलकुदका लागि निर्मित यो रङ्गशालाले उक्त क्षेत्रको काँचुली फेरिदिएको छ ।

रङ्गशाला निर्माण हुनुभन्दा अगाडि पेइचिङको उक्त क्षेत्र वनजङ्गल र सिमसारले भरिएको थियो । एक हिसाबले सहरदेखि अलिक टाढा ग्रामीण क्षेत्रका रूपमा रहेको ठाउँमा चीन सरकारले ओलम्पिक खेलकुदका लागि उचित ठान्यो र भव्य रङ्गशाला बनायो ।

डिजाइन र निर्माण संरचनाका आधारमा पेइचिङको उक्त ओलम्पिक रङ्गशालालाई 'चराको गुँड' (बर्ड्स नेस्ट) भनिन्छ । चीनले ओलम्पिक खेलकुद आयोजना गर्न रङ्गशाला मात्र बनाएन, उक्त क्षेत्रमा आलिशान भवनहरू, साततारे होटल, विभिन्न कर्पोरेट कार्यालय, अत्याधुनिक अस्पताल, भव्य पूर्वाधार, पेइचिङ मेट्रोका थुप्रै लाइन विस्तार गरिदियो ।


युवावस्थामा सी चीनफिङ

अहिले सोही ठाउँमा एसियाली पूर्वाधार लगानी बैङ्कको हेडक्वार्टर छ ।

त्यही ओलम्पिक रङ्गशालाको नजिकै (उत्तरपूर्वी दिशातिर) चिनियाँ कम्युनिस्ट पार्टीको सङ्ग्रहालय (सीपीसी म्युजियम) छ ।

यो सङ्ग्रहालयले चीनको सन् १९२१ देखि २०२१ सम्मको इतिहासलाई जीवित बनाएको छ । सीपीसीले एक शताब्दी पार गर्दैगर्दा निर्माण गरिएको यो सङ्ग्रहालय यति बेला चिनियाँ र विदेशी पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ ।

सीपीसीले एक वर्षको गौरवमय इतिहास सिर्जना गरेको उपलक्ष्यमा स्थापित यसलाई 'चिनियाँ कम्युनिस्ट पार्टीको सङ्ग्रहालय' वा 'चिनियाँ कम्युनिस्ट पार्टी इतिहास प्रदर्शनी हल' भनिन्छ ।


चीनको जनक्रान्ति झल्किने ढुङ्गेचित्र

पेइचिङ सहरको छाओयाङ जिल्लाको पेइछन पूर्वी सडक नम्बर ९ मा रहेको यो सङ्ग्रहालयले लगभग १४.७ वर्ग किलोमिटर (१४७,००० वर्ग मिटर) क्षेत्रफल ओगटेको छ । ५० मिटर उचाइका दुई विशाल भवन र बिचमा फराकिलो प्राङ्गण रहेको सङ्ग्रहालयले परम्परागत चिनियाँ स्तम्भ शैलीको संरचना प्रयोग गरेको छ ।

सङ्ग्रहालयको अग्रभागमा २८ वटा श्वेत मार्बलका स्तम्भ छन् । यी २८ वटा श्वेत मार्बलका स्तम्भ सीपीसी स्थापनादेखि नयाँ चीन स्थापनासम्मको २८ वर्षे सङ्घर्षका प्रतीक हुन् । यसलाई 'पेइचिङको नयाँ रातो कोसेढुङ्गा' पनि भनिन्छ ।

यो सङ्ग्रहालयको निर्माण सन् २०१८ सेप्टेम्बर १० मा सुरू भई सन् २०२१ मे ५ मा सम्पन्न भएको थियो । यो सन् २०२१ जून १८ मा खुला गरिएको थियो । यसको परिकल्पना तथा निर्माण सीपीसीका महासचिव तथा चीनका राष्ट्रपति सी चीनफिङको प्रत्यक्ष पहलमा भएको हो ।

'प्रारम्भिक लक्ष्य नबिर्सौं, कर्तव्य सम्झौं' भन्ने नारा यो सङ्ग्रहालयले बोकेको छ । सन् १९२१ मा सीपीसी स्थापना हुँदा जनताको मुक्ति प्रारम्भिक लक्ष्य थियो । अहिले पनि सीपीसीले जनतालाई प्राथमिकतामा राखेर काम गर्ने दृढ सङ्कल्प बोकिरहेको छ । यही मर्म आत्मसात गर्दै 'प्रारम्भिक लक्ष्य नबिर्सौं, कर्तव्य सम्झौं' नारा तय गरिएको छ ।

सङ्ग्रहालयले सीपीसीको शताब्दी लामो सङ्घर्षलाई कालानुक्रमिक रूपमा चित्रण गर्दै पार्टीको स्थापना, क्रान्ति, सुधार र नयाँ युगको विकासका चार वटा मुख्य भागहरूमा प्रस्तुत गरेको छ ।

यहाँ २,५०० भन्दा बढी तस्बिर र ४,५०० भन्दा बढी ऐतिहासिक वस्तु छन् । प्रदर्शनीको कुल लम्बाइ ३,५०० मिटर छ । यहाँ ऐतिहासिक महत्त्व बोकेका दस्ताबेजहरूमा मार्क्सको हस्तलिखित, सीपीसीको पहिलो महाधिवेशन स्थलको पुन:निर्माण र 'लङ मार्च' सम्बन्धी सामग्री हुन् ।

सङ्ग्रहालयका दुई विशाल भवनको बिचमा रहेको प्राङ्गणको माथिल्लो कुनामा सीपीसीको विशाल झण्डाको मूर्ति र चार वटा प्रतिमा समूह छन् । ती चार समूहले धर्म, महान् उपलब्धि, हमला र सपनाको खोजी बोकेका छन् ।


यहाँ २७६ व्यक्तित्वहरूका मूर्ति अङ्कित छन् ।

यो सङ्ग्रहालयले सीपीसीको इतिहास नजिकबाट बुझ्न सहयोग गर्छ । चीनको इतिहास र सीपीसीको योगदानमा चासो राख्नेका लागि यो महत्त्वपूर्ण अध्ययन केन्द्र हुन सक्छ ।

चीनका विभिन्न विश्वविद्यालय र विद्यालयका विद्यार्थी तथा अन्य अध्येताहरू सधैं यहाँ अवलोकन गर्दै गहन अध्ययन गरिरहेका भेटिन्छन् ।

यो सङ्ग्रहालयले सीपीसीको स्थापनादेखि नयाँ युगसम्मको सम्पूर्ण यात्रा चार वटा मुख्य भागमा विभाजन गरेर प्रस्ट्याउन खोजेको छ ।

पहिलो सीपीसीको स्थापना र नयाँ जनवादी क्रान्तिको विजय (सन् १९२१ देखि १९४९ सम्म) को भाग हो । यो भागमा सीपीसीको प्रारम्भिक विचार र स्थापनाका सामग्री प्रदर्शनमा राखिएको छ ।


सी चीनफिङको कार्यकल र चीनको विकास झल्काउने दृश्य

त्यस्तै, मार्क्सको हस्तलिखित ब्रसेल्स नोटबुक र यसको चिनियाँ भाषामा अनुवादित पहिलो संस्करणसँगै कम्युनिस्ट पार्टीको घोषणापत्र प्रदर्शन गरिएको छ । सीपीसीको पहिलो राष्ट्रिय महाधिवेशन स्थलको पुनर्निर्माण, नयाँ युवा (न्यु युथ) पत्रिका र ली ताचाओका पत्रहरूजस्ता कलाकृतिहरू पनि यहाँ समावेश छन् ।

योसँगै सीपीसीले सन् १९२७ मा सुरू गरेको रक्तपातपूर्ण सङ्घर्षका कथा झल्किने सामग्री पनि राखिएका छन् ।

चिनियाँ नेता ली ताचाओले फाँसीको मञ्चमा प्रयोग गरेको फलामे साङलो पनि छ । यो साङलो सन् १९४९ पछि सीपीसीको नेतृत्वमा बनेको सरकारले अधिग्रहण गरेको थियो । यो साङलो चीन जनक्रान्तिको पहिलो क्रान्तिकारी सम्पत्ति मानिन्छ । यसलाई ०००१ नम्बरले अङ्कित गरिएको छ ।

सन् १९२७ मा च्याङ्सु प्रान्तको नानछाङमा चिनियाँ जनमुक्ति सेना स्थापना भएको थियो । चिनियाँ जनमुक्ति सेनाको स्थापनामा भएको नानछाङ विद्रोह चिनियाँ नेता चु तले प्रयोग गरेको पिस्तोल र पहिलोपटक लालसेनाले लगाएको वर्दी पनि सङ्ग्रहालयमा छ ।

अध्यक्ष माओ त्सेतुङको नेतृत्वमा भएको लङ मार्च झल्किने गरी, फोर-डी फिल्मको माध्यमबाट यात्राको अनुभूति गराइने वृत्तचित्र सङ्ग्रहालयमा नियमित प्रदर्शन गरिन्छ ।

यस्ता वृत्तचित्रमा पहाड र हिमालको कठिन यात्रा र झोलुङ्गे पुलबाट गरिएको युद्ध देखाइन्छ । प्रदर्शनीमा लङ मार्चका विभिन्न मूर्ति पनि राखिएको छ ।

जनमुक्ति युद्ध र विजय झल्किने विभिन्न प्रदर्शनीहरूमध्ये फिङसिङक्वान युद्ध र पैथुआन आक्रमणजस्ता प्रमुख सैन्य कारबाहीहरू हेर्न लायक छन् । सन् १९४५ मा आयोजित सीपीसीको सातौँ राष्ट्रिय महाधिवेशनको मतपेटिका पनि प्रदर्शनमा राखिएको छ ।

चीनमा भएको गृहयुद्धअन्तर्गतका यी प्रदर्शनीहरूमा चियाङसीको सोभियत क्षेत्रदेखि लिएर पूर्वोत्तर चीनको मुक्ति युद्धको अन्त्यसम्मका प्रमुख घटना समावेश छन् ।

सङ्ग्रहालयको दोस्रो भागमा जनवादी गणतन्त्र चीनको स्थापना र समाजवादी क्रान्ति (सन् १९४९ देखि १९७८ सम्म) को समय प्रतिनिधित्व गराइएको छ ।

यस समयमा नयाँ चीनको जन्मोत्सव महान संस्थापक समारोहको समयमा फहराइएको पहिलो पाँचतारे झन्डा, चीनको केन्द्रीय जनसरकारको औपचारिक प्रतीक चिह्न र राउन्डहेभन रेसिडेन्स पुनर्निर्माणजस्ता प्रमुख ऐतिहासिक स्थलहरू प्रदर्शन गरिएका छन् ।

विदेशी आक्रमणको प्रतिरोधका रूपमा रहेको कोरियाली युद्धमा प्रयोग गरिएका हतियार राखिएका छन् । यो युद्धमा अध्यक्ष माओका छोरा माओ एनयिङको टोपी पनि प्रदर्शन गरिएको छ ।

सन् १९५४ मा जारी भएको चीनको पहिलो संविधान, लइ फङ्गको डायरी, होङ्ककीको रातो झन्डा नहरको पुनर्निर्मित दृश्य र 'तङफङहङ' टाइप ५४ ट्र्याक्टरजस्ता वस्तु समावेश छन् ।

सङ्ग्रहालयको तेस्रो भागमा चीनले अँगालेको सुधार र खुलापन (सन् १९७८ देखि २०१२) सम्मको समय देखाइएको छ ।

यसमा आर्थिक सुधारका लागि चिनियाँ नेता तङ सियाओफिङले शनचन विशेष आर्थिक क्षेत्रका लागि गरेको लेखन, शाङ्हाई पुतोङको विकास योजना र शनचन स्टक एक्सचेन्जको घण्टी प्रदर्शनमा छन् ।

यही अवधिमा भएको प्राविधिक प्रगतिका रूपमा पेइचिङ ओलम्पिक २००८ का पदकहरू पनि प्रदर्शनीमा राखिएका छन् । सन् २००८ अन्तर्राष्ट्रिय समुदायमा चीनको त्यस्तो कोसेढुङ्गा हो जहाँबाट चीनलाई चियाउने थुप्रै ढोका थप खोलिएका थिए ।

चीनको बढ्दो विश्वव्यापी पहिचानको प्रतीक पनि सन् २००८ को ओलम्पिकलाई मानिन्छ । जनताको जीवनस्तरमा भएको परिवर्तन देखाउन विभिन्न दशकका घरायसी दृश्यहरू पनि यस भागमा प्रदर्शन गरिएका छन् ।

चौथो भाग भनेको चीन नयाँ युगमा प्रवेश गरेको समय हो । सन् २०१२ मा भएको सीपीसीको अठारौँ राष्ट्रिय महाधिवेशनबाट सी चीनफिङ सत्तामा आएपछिको समयलाई चीन नयाँ युगमा प्रवेश गरेको मानिन्छ ।


सङ्ग्रहालय बाहिर रहेको सीपीसीको विशाल झन्डा ।

यही अवधिमा चीनले पूर्ण रूपमा गरिबी निवारण गरेको हो ।

सी चीनफिङको नेतृत्व र निर्देशमा चीन 'सियाओखाङ्ग' अर्थात् मध्यम-समृद्धिमा प्रवेश गरेको कुरा प्रदर्शनीमा प्रस्ट्याइएको छ । प्रदर्शनीमा राखिएका विभिन्न उपलब्धि र सम्बन्धित चार्टहरूले गरिबी निवारणको उपलब्धिलाई सङ्ग्रहालयमा विशेष ठाउँ दिइएको छ ।

चीनले प्राकृतिक प्रकोपको प्रतिक्रिया र आविष्कार गरेको नयाँ प्रविधिलाई पनि यही भागमा प्रदर्शनी गरिएको छ । सन् २०२० मा देखिएको कोभिड महामारी नियन्त्रण गर्न चीनले केही घण्टामै निर्माण गरेको हुओशनसान र लइशनसान अस्पतालको मोडलले महामारीविरूद्धको लडाइँ कसरी सफल भयो भन्ने कुरा देखाउँछ ।

यही भागमा उच्च गतिको रेल र अन्तरिक्षमा चीनले गरेको प्रगति तथा चिनियाँ पुनर्जागरणमा सी चीनफिङले देखाएको चिनियाँ सपनाजस्ता अन्तरक्रियात्मक उपकरणहरूले पनि नवीनता उजागर गरेका छन् ।

सङ्ग्रहालयमा चीनका मूलत: पाँच जना नेताहरूको जीवनी झल्किने गरी विभिन्न प्रदर्शनी गरिएको छ ।

अध्यक्ष माओ, तङ स्याओफिङ, च्याङ चमिन, हु चिनथाओ र सी चीनफिङ पाँच जना नेताको समयमा चीनको विकास प्रतिनिधित्व गराइएको छ ।

यी पाँच नेताको समयमा मुख्य रूपमा चीनमा के कस्ता परिवर्तन भए भन्ने कुरा इतिहासदेखि वर्तमानसम्मको समय चक्र, कृषि, पूर्वाधार, जनजीवनलगायत अन्तर्राष्ट्रिय क्षेत्रमा चीनको पहिचान र छवि सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ ।

धैर्य र गहन रूपमा सङ्ग्रहालय अवलोकन गर्न एक दिन लाग्न सक्छ । सङ्ग्रहालयको पश्चिमपट्टिको भवनमा नयाँ चीन स्थापना हुनुभन्दा अगाडि ( सन् १९४९ भन्दा अगाडि) का ऐतिहासिक वस्तु सङ्कलन गरेर राखिएको छ ।

यस क्षेत्रमा बालिबालिकाहरूलाई तत् क्षेत्रमै मनोरञ्जनात्मक अभ्यासमार्फत व्यावहारिक ज्ञान दिने सकिने स्थल पनि छन् । उदाहरणका लागि माटाको भाँडा बनाउने अभ्यास, चङ्गा बनाउने, परम्परागत चिनियाँ सांस्कृतिक सम्पदा बनाउने आदि कार्य सशुल्क रूपमा गर्न सकिन्छ ।

*- पेइचिङ डायरी*


क्रान्ति र माओ

# अटलान्टिक क्रुज जहाजमा 'हान्टाभाइरस' सङ्क्रमण, तीन जनाको मृत्यु : डब्लुएचओ

प्राइया, २१ वैशाख (एएफपी)। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार अटलान्टिक महासँगरमा यात्रा गरिरहेको एक क्रुज जहाजमा 'हान्टाभाइरस' सङ्क्रमणका कारण तीन जनाको मृत्यु भएको छ ।

उक्त घटना अर्जेन्टिनाको उशुआइया बाट केप भर्डे तर्फ जाँदै गरेको 'एमभी होन्डियस' नामक क्रुज जहाजमा भएको हो ।

विश्व स्वास्थ्य सङ्गठनले दिएको जानकारीअनुसार हालसम्म एक जनामा प्रयोगशालाबाट हान्टाभाइरस सङ्क्रमण पुष्टि भएको छ भने थप पाँच जनामा सङ्क्रमणको शङ्का गरिएको छ । कुल छ जना प्रभावितमध्ये तीन जनाको मृत्यु भइसकेको छ भने एक जना दक्षिण अफ्रिकाको अस्पतालमा गम्भीर अवस्थामा उपचाररत छन् ।

दक्षिण अफ्रिकाको स्वास्थ्य मन्त्रालयका अनुसार यो घटना 'गम्भीर तीव्र श्वासप्रश्वाससम्बन्धी रोग' को रूपमा देखा परेको थियो, जसले कम्तीमा दुई जनाको ज्यान लिएको र एक जना जोहानेसबर्गमा गम्भीर अवस्थामा रहेको बताइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सङ्क्रमितमा पुष्टि भएको हान्टाभाइरस सामान्यतया मुसा वा मुसाजन्य जनावरहरूको पिसाब वा मलमूत्रसँगको सम्पर्कबाट मानिसमा सर्ने गर्छ । सङ्गठनले कहिलेकाहीँ मानिस–मानिसबिच पनि सर्न सक्ने सम्भावना रहेको उल्लेख गर्दै गम्भीर श्वासप्रश्वाससम्बन्धी जटिलता निम्त्याउन सक्ने बताएको छ ।

प्रारम्भिक विवरणअनुसार जहाजमा रहेका ७० वर्षका एक पुरुष यात्रुमा पहिलोपटक लक्षण देखिएको थियो, जसको जहाजमै मृत्यु भएको हो । उहाँकी ६९ वर्षीया श्रीमतीलाई पछि दक्षिण अफ्रिका लगिएको थियो, जहाँ उहाँको पनि मृत्यु भएको छ ।

तेस्रो मृतक एक ६९ वर्षीय बेलायती नागरिक भएको जनाइएको छ, जो हाल जोहानेसबर्गमा गम्भीर अवस्थामा उपचाररत छन् ।

विश्व स्वास्थ्य सङ्गठन प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले सामाजिक सञ्जालमार्फत प्रभावित यात्रुहरूको चिकित्सा उद्धार, जोखिम मूल्याङ्कन तथा आपत्कालीन प्रतिक्रिया जारी रहेको जानकारी दिनुभएको छ । उहाँले द्रुत र समन्वित कारबाहीले मात्र स्वास्थ्य जोखिम नियन्त्रण गर्न सकिने बताउनुभयो ।

यस घटनापछि जहाजका सञ्चालक तथा सम्बन्धित देशहरूबिच थप उपचार, आइसोलेसन र यात्राको आगामी योजनासम्बन्धी छलफल भइरहेको बताइएको छ ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

सामाजिक सञ्जालमा:
❖जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
❖राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
❖कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
❖जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
❖शान्ति सुरक्षामा खलल पुग्ने,
❖प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
❖जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।
नेपाल सरकार
विज्ञापन बोर्ड

# विधवाले विवाह गरेपछि पहिलो पतिका छोराछोरीलाई अंश फर्काउनुपर्ने व्यवस्था बदर

काठमाडौं, २१ वैशाख । सर्वोच्च अदालतले विधवाले विवाह गरेपछि पहिलो पतिका छोराछोरीलाई अंश फर्काउनुपर्ने व्यवस्था बदर गरेको छ ।

सोमबार संवैधानिक इजलासले मुलुकी देवानी संहिताको, २०७४ को दफा २१४ (२) बदर गरेको सूचना अधिकारी निराजन पाण्डेले जानकारी दिनुभयो ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा र नहकुल सुवेदीको इजलासले अंश फर्काउनुपर्ने व्यवस्थालाई संवैधानिक समानताको प्रतिकूल भएको व्याख्या गर्दै बदर गरेको हो ।

दफा २१४ ले विधवाले अंश लिई भिन्न हुन सक्ने व्यवस्था गरेको छ ।

(१)मा विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्ने व्यवस्था गरेको छ ।

तर उपदफा (२) मा भने विधवाले अर्को विवाह गरेमा निजले अंश बापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पतितर्फ छोरा छोरी भए त्यस्ता छोरा छोरीले र नभएमा निज आफैले लिन पाउने भनिएको थियो ।

यो व्यवस्थाअनुसार विधवाले अर्को विवाह गरेमा अंशबापत पाएको सम्पत्ति आफ्ना अघिल्लो पतितर्फका छोराछोरीलाई फर्काउनुपर्ने र नभएको अवस्थामा मात्रै आफैले लिन पाउने अवस्था थियो । यो व्यवस्थालाई सर्वोच्चले बदर गरेको हो ।

सर्वोच्चले यही व्यवस्था विधुरको हकमा नगरी संविधानको धारा १६ ( सम्मानपूर्वक बाँच्न पाउने हक), धारा १८ (समानताको हक) र धारा २५ ( सम्पत्तिको हक) को समानताको हक, जीवनको अधिकार र साम्पत्तिक हकसँग स्पष्ट रूपमा बाझिएकाले बदर गरेको सूचना अधिकारी पाण्डेले बताउनुभयो ।

"ती व्यवस्था संविधानको भावना, सिद्धान्त र मूल्य मान्यताविपरीत निर्माण भएको र अस्तित्वमा रहेकोले भेदभावपूर्ण कानुनी व्यवस्थालाई अमान्य र बदर गर्न माग गरेको थियो । त्यसअनुसार बदर भएको हो", उहाँले भन्नुभयो ।

महिला कानुन र विकास मञ्चको तर्फबाट मीरा ढुङ्गानासमेत चार जनाले यो व्यवस्थाविरूद्ध २०७७ जेठ १३ मा रिट दायर गर्नुभएको थियो ।

# भूमिसम्बन्धी ऐनको दफा १२ (च) बदर

काठमाडौं, २१ वैशाख । सर्वोच्च अदालतले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ (च) बदर गरिदिएको छ ।

सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा र नहकुल सुवेदीको संवैधानिक इजलासले सोमबार उक्त दफा बदर हुने फैसला सुनाएको हो ।

अधिवक्ता सागर अधिकारीसमेतले दायर गरेको रिटको सुनुवाइपछि संवैधानिक इजलासले रिट निवेदकको मागबमोजिम रिट जारी गरेको हो ।

संवैधानिक इजलासले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२( च) बदर गर्ने फैसला गरेको हो । दफा १२(च) मा सकार गरेको जग्गा बेचबिखन गर्नुपर्ने, बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाले कर्जा सुरक्षण बापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्था आफैंले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरी सक्नुपर्नेछ ।

सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्नका लागि नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ भन्ने व्यवस्था छ

***नेपाली...***

६ वटै चिनियाँ जहाज प्रशिक्षित पाइलट नभएको, तालिम र अन्य खर्च चारगुणा बढी हुने, तालिम दिने प्रशिक्षक पाइलट नपाउनु र बीमा शुल्क महँगोलगायतका कारणले थन्काइएको हो ।

सत्य यही हो भने केही नबुझी चिनियाँ जहाज किन्ने निर्णय कसले गर्यो ? पाइलटलाई तालिममा पठाएर जहाज चलाउन सकिन्थ्यो । त्यसलाई रोक्ने काम कसले गऱ्यो ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । छिमेकी मित्र राष्ट्रसँग दुई वटा विमान अनुदानमा र चारवटा जहाज सहुलियतपूर्ण ऋणमा ल्याएर पनि विभिन्न निहुँमा थन्क्याएको कारण नेपालमा चिनियाँ जहाज चलाउन नदिने विदेशी विमान कम्पनीकै जालसाजी हुनुपर्छ भन्ने अड्कल जनमानसमा छ । अर्थात, मित्र देशलाई ठग्ने र मित्रतामा खलल पार्ने तत्त्वहरूसँग नेपाल र नेपाली जनता सचेत हुनुपर्ने देखिन्छ ।

*१० पुस २०८० (डिसेम्बर २६, २०२३)*

***'श्रमिक' साप्ताहिकबाट***

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला**

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरूले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम भरी अद्यावधिक गर्नुहुन अनुरोध छ ।**

**गतिविधि**



शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अनिवार्य शिक्षा शिविर कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र संस्थाका अध्यक्ष रुद्रनारायण लाखा । (वैशाख १९)



बचत उपसमितिको आयोजनामा सम्पन्न वित्तीय साक्षरता तथा वर्तमान सहकारीसम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रस्तुति दिनुहुँदै संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक कृष्णगोविन्द लाखाजु तथा कार्यक्रममा सहभागी सदस्यहरू । (वैशाख १९)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE
Certified by ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

**हार्दिक समवेदना**



जन्म
२००७/१२/२१

निधन
२०८३/०१/११

हाम्रा आत्मीय मित्र हरिसुन्दर छेंगुतलाका पूजनीय पिता **हरिभक्त छेंगुतला**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**श्री बाराही अजिमा पासा समूह**
मंगलाछेँ-४, भक्तपुर

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**भक्तपुर क्रायफ्ट लि.को लागि आवश्यक जनशक्ति सेवा करारमा लिनेसम्बन्धी सूचना**

**प्रकाशित मितिः२०८३।०१।२२ गते**

भक्तपुर क्रायफ्ट लि.को लागि देहायबमोजिमको जनशक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्य तथा इच्छुक नेपाली नागरिकहरू (१८ वर्षदेखि महिला ४० वर्ष ननाघेका र पुरूष ३५ वर्ष ननाघेका) ले यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र आफ्नो Bio Data, नागरिकताको प्रतिलिपि र शैक्षिक प्रमाणपत्रको प्रतिलिपिसहित भक्तपुर नगरपालिका कार्यालयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी आएको दर्खास्तउपर कारबाही हुनेछैन । विस्तृत जानकारीको लागि भ.न.पा.को प्रशासन शाखामा तथा सम्पर्क नं. ६६१३९५७ मा सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | सङ्ख्या | शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|
| १. | व्यवस्थापक | १ जना | स्नातक तह, व्यवस्थापन सङ्काय (अनुभवीलाई प्राथमिकता दिइने छ ।) | रू. ३००।- |
| २. | दक्ष जनशक्ति | २ जना | S.L.C. वा SEE र पेपर क्राय्फ्टसम्बन्धी आधारभूत तालिम लिएको । | रू.२००।- |
| ३. | अर्ध दक्ष जनशक्ति | २ जना | एस.एल.सी.वा एस.ई.ई. र पेपर क्राय्फ्टसम्बन्धी आधारभूत तालिम लिएको । | रू.१००।- |
| ४. | कार्यालय सहयोगी | १ जना | आठ कक्षा उत्तीर्ण | रू.१००।- |
| ५. | सुरक्षा गार्ड | १ जना | भू.पू. सेना/प्रहरी | रू.१००।- |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा